हुलाक द. नं. १५/०७८/७९

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क २६, पूर्णाङ्क २९६ | २०७८ माघ ५ गते बुधबार | Wednesday, 19 Jan 2022 | www.eratokhabar.com | मूल्य रु. १०

## महासचिव विप्लवद्वारा साहसी महिला प्याउकलाप्रति श्रद्धाञ्जली



**काठमाडौँ** । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले जनयुद्धको समयमा सशस्त्र प्रहरीको हतियार खोस्ने निःशस्त्र योद्धामध्येकी एक घाइते योद्धा तथा जनयुद्धका सहिद जितबहादुर विककी जीवनसँगिनी प्याउकला विकप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेका छन् । प्याउकलाको ७३ वर्षको उमेरमा माघ २ गते आइतबार राति आफ्नै घरमा कालीकोटस्थित आफ्नै ... बाँकी पृष्ठ ७ मा

# नेकपासँगको सहमति कार्यान्वयन नगरी सम्भव छ चुनाव ?

## दलाल पुँजीवादी व्यवस्थाको चुनाव होइन, जनमतसङ्ग्रह गराऊ

■ **रातोखबर संवाददाता**/काठमाडौँ

गतवर्ष फागुन २१ गते तत्कालीन केपी वली सरकार र नेकपाका बीचमा सत्ता सङ्कट विद्यमान रहेको र त्यसको समाधानका लागि छलफल, बहस गरेर अघि बढ्ने सहमति भयो । त्यसमा सरकारले नेकपामाथि लगाइएको प्रतिबन्ध हटाउने, जेल र हिरासतमा राखिएका नेकपाका नेता-कार्यकर्ता रिहा गरी झूट्टा मुद्दा खारेज गर्ने र नेकपाले शान्तिपूर्ण कार्यक्रमहरू गर्ने उल्लेख थियो । सहमतिअनुसार नेकपा शान्तिपूर्ण राजनीतिक अभियानमै छ । नेकपासँग सरकारले सहमति गरेको एक वर्ष पुग्नै लागेको छ तर यतिबेलासम्म सरकारले प्रतिबन्ध हटाउनेबाहेक कुनै पनि सहमतिका बुँदा कार्यान्वयन गरेको छैन । अहिले पनि नेकपाका सवा सय नेता-कार्यकर्ता विभिन्न झूट्टा मुद्दामा कष्टपूर्ण जेलजीवन बिताइरहेका छन् भने कयौँ नेता-कार्यकर्तामाथि हज्जारौँ झूट्टा मुद्दाहरू थोपरिएको छ । नेता-कार्यकर्ता छुट्नु, ती मुद्दा फिर्ता हुनु, नेकपाले अघि सारेको राजनीतिक कार्यक्रमका बारेमा छलफल र बहस हुनु त परैको कुरा, सरकारको गठबन्धनमा सहभागी दलहरू आगामी वैशाखमा स्थानीय चुनाव गराउने ढोङ फुक्दै हिँडेका छन् । उनीहरूले मङ्गलबार आगामी वैशाखमै स्थानीय चुनाव गराउन



कथित सहमति पनि गरेको सार्वजनिक भएको छ । राजनीतिक सङ्कटका लागि वार्ता, संवाद र छलफल नै नगरी एकतर्फी चुनावको तयारीमा लाग्ने निर्णय गर्नु उनीहरूको मूर्खता हो । यो अवस्थामा उनीहरूले गराउने भनेको चुनाव सम्भव छैन । त्यसको कुनै औचित्य पनि छैन ।

नेपाली जनताले पार्टी र व्यक्तिलाई मतदान गर्ने संसदीय चुनावमा लामो समयदेखि मत व्यक्त गर्दै आएका छन् तर ती कुनै ... बाँकी पृष्ठ ७ मा

## विकल्प हत्याकाण्डको नेकपाद्वारा घोर निन्दा एवम् भर्त्सना

**काठमाडौँ** । नेपाल कम्युनिस्ट पार्टीले पार्टीको बैतडी जिल्ला सुर्नयाँ गाउँ समिति सदस्य डम्बर अवस्थी 'विकल्प' को हत्या पार्टीलाई कुनै पनि हालतमा सैह्य नहुने भन्दै विकल्प हत्याकाण्डको घोर निन्दा एवम् भर्त्सना गरेको छ । उक्त घटना शान्तिपूर्ण राजनीतिक अवस्थालाई बिथोल्ने राष्ट्रघाती र जनघाती तत्वहरूले गराएको बीभत्स हत्या भएको ठोकुवा नेकपाले गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता प्रकाण्डले बिहीबार विज्ञप्ति जारी गर्दै विकल्पका हत्यारालाई कडाभन्दा कारबाही गर्न र पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्न ... बाँकी पृष्ठ ७ मा

## नेकपाद्वारा भूमाफियाको जग्गा कब्जा

**ललितपुर** । नेपाल कम्युनिस्ट पार्टी ललितपुरले भूमाफियाको ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ सानोगाउँमा कित्ता नम्बर ६ मा फैलिएको ३७ आना जग्गामा पार्टीको झन्डा र ब्यानर गाडेर कब्जा गरेको छ ।

२००७ सालभन्दा अगाडिदेखि इन्द्रराम महर्जनका बाबुबाजेले जोतभोग गर्दै आएको उक्त जग्गा बुद्धरत्न महर्जनले जालसाजी गरी मालपोत र नापी कार्यालयलाई प्रलोभनमा पारी आफ्नो नाममा पास गरेर सोझा किसानलाई उपभोगबाट वञ्चित गरेको, गुण्डागर्दीको ... बाँकी पृष्ठ ७ मा

## प्रवक्ता प्रकाण्ड र गृहमन्त्री खाँडबीच भेटवार्ता



■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्ड र गृहमन्त्री बालकृष्ण खाँडबीच बिहीबार अपराह्न भेटवार्ता भएको छ ।

भेटवार्ताका क्रममा तत्कालीन केपी ओली सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको तीनबुँदे सहमतिलाई कार्यान्वयन गर्ने प्रक्रियामा शेरबहादुर देउवा सरकारका तर्फबाट भएगरेका कामको बारेमा छलफल भएको बताइएको छ । उक्त भेटवार्तामा तीनबुँदे सहमति कार्यान्वयन गर्न छिट्टै सरकारका सम्बन्धित निकायको संयुक्त ... बाँकी पृष्ठ ३ मा

## अनेमसङ्घ क्रान्तिकारीद्वारा प्याउकलाको निधनमा शोक

**काठमाडौँ** । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले कालीकोटको माल्कोट बिथलडाँडामा प्रतिरोध सङ्घर्षका क्रममा घाइते योद्धा प्याउकला विकको निधनप्रति दुःख व्यक्त गर्दै उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले गत आइतबार शोक वक्तव्य जारी गर्दै प्रतिरोध सङ्घर्षमा प्याउकलाले देखाएको साहस र वीरताको स्मरण गर्दै उनीप्रति उच्च सम्मान व्यक्त गरेकी छिन् ।

शोक वक्तव्यमा महिला क्रान्तिकारी आन्दोलनको इतिहासमा प्रतिरोध सङ्घर्षको उच्च नमुना भएको भन्दै प्याउकला विकको परिवार एवम् आफन्तजनमा गहिरो समवेदना व्यक्त गरिएको छ ।

## दलाल शासकले सञ्चारलाई सत्ता संरक्षणको साधन बनाएका छन् : भृकुटी




■ **रातोखबर संवाददाता**/पाल्पा

तानसेन । जनपत्रकार सङ्गठन नेपाल पाल्पाले तीनदिने आधारभूत पत्रकारिता तालिम सम्पन्न गरेको छ । पाल्पा सदरमुकाम तानसेनमा माघ १ देखि ३ गतेसम्म सञ्चालित उक्त तालिममा रातो खबर प्रकाशन गृहका सम्पादक तथा अखिल नेपाल जनसांस्कृतिक महासंघका ... बाँकी पृष्ठ ७ मा

## काठमाडौँ मेडिकल कलेजका कार्यकारी अध्यक्ष शर्मालाई सिंहदरबारभित्रै कालोमोसो



■ **रातोखबर संवाददाता**/काठमाडौँ

नोबेल कलेज र काठमाडौँ मेडिकल कलेजका कार्यकारी अध्यक्ष सुनिल शर्मालाई विद्यार्थीले शिक्षा मन्त्रालय परिसर सिंहदरबारभित्रै कालोमोसो दलेका छन् । शिक्षा मन्त्रालयमा भएको सर्वपक्षीय बैठक सकेर बाहिर निस्कने क्रममा सोही कलेजमा अध्ययनरत विद्यार्थीले शर्मालाई मन्त्रालय परिसरमै कालोमोसो दलेका हुन् ।

विद्यार्थीले नमस्कार गरेर शर्मालाई कालोमोसो दलेका थिए । कालोमोसोले ... बाँकी पृष्ठ ७ मा

## कम्युनिस्टहरूबीच 'पार्टी एकता र संयुक्त मोर्चा' को प्रश्न

आजभोलि कम्युनिस्टहरूका बीचमा एउटा हल्ला छ– 'पार्टी एकता' को । एकातिर प्रचण्डले 'पूर्वमाओवादीहरूका बीचको एकता' को कुरा गरिरहनुभएको छ भने अर्कोतिर विप्लवसँग 'छिट्टै एकता हुँदैछ' भन्ने हल्ला पनि सँगसँगै चलाइरहनुभएको छ । प्रचण्ड अर्कोतिर माधव नेपालसँग 'पार्टी एकता'को पनि हल्ला गरिरहनुभएको छ । वार्ताप्रक्रियामा आएपछि केपी वलीले समेत पार्टी एकताको प्रस्ताव ल्याउनुभयो । किरण, कट्टेल, आहुति, रवीन्द्र, गोपाल किराँती, सुशील सबैको प्रस्ताव एउटै छ 'पार्टी एकता' गरौँ । हामीले 'पार्टी एकता' को प्रश्न गम्भीर विषय भएकाले भोलि बिहानै 'पार्टी एकता' असम्भव भएकाले यसलाई केन्द्रमा राखेर सबै कम्युनिस्टहरूका बीचमा यसबारे गम्भीर छलफल गर्दै हाल 'संयुक्त मोर्चा' बाट अघि बढौँ भन्ने हाम्रो प्रस्ताव छ ।

यसबीचमा क. विप्लवले एक चरण सबै पार्टीका नेताहरूलाई भेटेर अलगथलग भएर रहेका कम्युनिस्टहरूका बीचमा एकताको आधार तयार पार्न र अन्य राजनीतिक दलका नेताहरूसँग सहकार्य र देशलाई उचित राजनीतिक निकासदिनसमसामयिक विषयहरूका साथै 'जनमतसङ्ग्रह' र 'वैज्ञानिक समाजवाद' को प्रस्ताव पनि राखिसक्नुभएको छ । आजको बदलिएको राजनीतिक परिवेशमा यो प्रस्ताव जायज र आवश्यक पनि छ ।

आजभोलि प्रायः माओवादी केन्द्रसँग सम्बन्धित सबै तहका नेता-कार्यकर्ताहरूसँगको भेटमा सबैको एउटै अभिव्यक्ति आउँछ, 'तुरुन्त पार्टी एकता गरौँ । हामी फुटेर कमजोर भयौँ । हामी मिले फेरि सबभन्दा ठूलो पार्टी बन्न सक्छौँ।'क. कट्टेल, किरण र आहुतिसँग प्रतिबन्धकालमै यस विषयमा निकै छलफलहरू पनि भए । 'रणनीतिक संयुक्त मोर्चा' का बारेमा विस्तृत छलफल गरीएउटा अवधारणापत्र तयार पारी यसको प्रारम्भिक संरचनासमेत बनाई देशव्यापी रूपमा केही कार्यक्रमहरूसमेत सम्पन्न गरिसकेका छौँ। यसले केही हदसम्म सकारात्मक सन्देश पनि प्रवाह गरेको छ ।

निश्चय नै 'पार्टी एकता' साह्रै राम्रो पक्ष हो । यो जनताको मन जित्ने साह्रै राम्रो तरिका पनि हो किनकि जनता जहिले पनि

**देश/परिवेश**

■ सन्तोष बुढामगर 'विषम'



एकताका पक्षमा हुन्छ, 'फुट र विभाजन'लाई जनताले हेर्न र सहन सक्दैन । त्यसैले धेरैजसोको नियति देखावटी रूपमा भएपनि जनताको अगाडि पार्टीएकतामा जोड दिँदै आएको पाइन्छ । तर सबैको भित्री मनसाय ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# फेरि बढ्यो कोरोना सङ्क्रमणको त्रास !

कोरोना भाइरसको सङ्क्रमण फेरि बढेको छ। एकै दिन ६,७३४ जनाभन्दा बढीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। विश्वभर ओमिक्रोनको असर बढिरहेको छ। विश्वमा दैनिक २० लाखभन्दा बढी कोरोना सङ्क्रमित थपिएका छन् तर लकडाउनभन्दा बाहेक अरू भरपर्दो विकल्प कुनै पनि मुलुकका सरकारले निकाल्न सकेका छैनन्। गतसाता विश्वभर कुल ३० करोड ५१ लाखभन्दा बढी मानिसमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। तेस्रो भेरियन्टका रूपमा फैलिएको कोरोनाका कारण अधिकांश मुलुकका जनता भयभीत बनेका छन्। पुँजीवादी मुलुकका जनतामा यसप्रकारको भय अझ बढेको छ। आवर वर्ल्डइन डाटाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आइतबारसम्म कोरोना सङ्क्रमितको सङ्ख्या बढेर ३० करोड ५१ लाख ९० हजार पुगेको थियो। पछिल्लो समय विश्वभर दैनिक २० लाखभन्दा बढी कोरोना सङ्क्रमित बढेको पाइएको पनि उक्त तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्कहरूले यसअघिका पहिलो र दोस्रो चरणको भन्दा तेस्रो चरणको कोरोना सङ्क्रमणदर उच्च देखिएको छ। तथ्याङ्कअनुसार गत डिसेम्बर १ देखि ७ सम्म अर्थात् एक साताभित्र विश्वभर १ करोड ३५ लाख सङ्क्रमित थपिएका छन्। तथ्याङ्क हेर्दा सुरुमा कुल सङ्क्रमितको सङ्ख्या १० करोड पुग्न १ वर्षभन्दा बढी लागेको थियो त्यस्तै थप १० करोड सङ्क्रमित थपिन झन्डै ८ महिना लागेको थियो तर पछिल्लो समय ५ महिनामै १० करोड नयाँ सङ्क्रमित थपिएका छन्। यसले कोरोनाको तेस्रो भेरियन्ट अझै तीव्र गतिमा फैलिइरहेको छ तर सरकार भने विद्यालय र कलेजहरू बन्द गर्न आदेश दिने निर्णय गरेर कानमा तेल हालेर बसेको छ। नेपाल कम्युनिस्ट पार्टीले सरकारलाई कोरोनाबाट जनताको जीवन सुरक्षित राख्न प्रभावकारी कदम चाल्न सुझाव दिए पनि सरकारले त्यस्तो कुनै प्रभावकारी कदम चालेको देखिँदैन। यसले सरकारप्रति जनताको विश्वास कम हुँदै गएको छ।

कोरोनाबाट विश्वमा ५५ लाख ३ हजारभन्दा बढीको जीवन गइसकेको र नेपालमा मात्र ११ हजार ५ सय ९४ जनाको मृत्यु भइसकेको छ। कोरोनाले गत साता ३४ मुलुकमा दैनिक सङ्क्रमितको सङ्ख्या महामारी सुरु भएयताकै उच्च बिन्दुमा पुगेको थियो। नेपालमा पनि यसको गति तीव्र रूपमा बढिरहेकाले समयमै सावधानी नअपनाइए महामारीको रूप लिनसक्ने खतरा बढिरहेको छ। कोरोनाको नयाँ ओमिक्रोन प्रमाणित भएयता संसारभर पुनः सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको हो।

ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा सङ्क्रमण बढाएको पाइएको छ। कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट यसअघिको डेल्टा भेरियन्टभन्दा बढी सङ्क्रामक रहेको पाइएको हो। ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मक रूपमा फैलिएको अनुमान छ। ओमिक्रोन कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रमण हुन सक्ने देखिएको छ। सङ्क्रमित भएकामध्ये खोप नलगाएकालाई भने धेरै गाह्रो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ। खोप नलगाएका व्यक्तिको ज्यान जाने खतरासमेत रहेको छ। ओमिक्रोन भेरियन्टले मानिसको घाँटीमा सङ्क्रमण गराउने स्वास्थ्यविद्हरूले बताएका छन्। यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनुका साथै जनस्वास्थ्य मापदण्ड अपनाउन सुझाव दिइएको छ। भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटकपटक धुनका लागि सुझाइएको छ। सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्न पनि सुझाइएको छ। कोरोना भाइरसको सङ्क्रमण बढेपछि माघ १५ गतेसम्मका लागि विद्यालयहरु बन्द गर्ने र २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठीजस्ता कार्यक्रम बन्द गर्ने निर्णय गरिएको भए पनि प्रभावकारी अनुगमन र सरकारप्रति विश्वास नहुँदा सरकारी निर्णय कार्यान्वयन भएको देखिँदैन। गत पुस १९ गते २.६ प्रतिशतमा रहेको सङ्क्रमणदर पुस २७ गते १८.६ प्रतिशत पुग्नुले यसको भयानकतालाई नै प्रमाणित गर्दछ। यस्तो अवस्थामा सरकारले दलहरूको साथ लिएर प्रभावकारी कदम चाल्नु आवश्यक छ। जनताको जीवन जोखिममा परेको समयमा कथित चुनावको नौटङ्की छोडेर जनस्वास्थ्यमा ध्यान नदिइए पछि पछुताउनुको विकल्प रहनेछैन।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक


# वैज्ञानिक समाजवाद निर्माणका सर्तहरू



अमर झाँक्री 'सञ्जीव'

*निजीकरणका नाममा विगतमा हाम्रा पचासौँ उद्योगहरु कौडीको भाउमा बेचिएका छन्। यसले हामो राष्ट्रिय अर्थतन्त्रलाई धराशायी पार्ने र पूर्णतः वैदेशिक ऋण र सहयोगमा रहन बाध्य पारेको छ। आज विज्ञानप्रविधिको विकास र त्यसको सही प्रयोग तथा मानवीय श्रमका कारण कैयौँ पुँजीवादी मुलुकहरुले उद्योग र कृषिका क्षेत्रमा गुणात्मक विकास गरेका छन्। कृषिका क्षेत्रमा इजरायलले गरिरहेको नमुना, खाडी राष्ट्रका कैयौँ मुलुकहरुले गरिरहेको कृषि क्षेत्रको प्रगति हेर्दा हाम्रो मुलुकले अर्थतन्त्रमा द्रुत गतिमा विकास गर्ने क्षमता राख्छ।*

हाम्रो पार्टीले नेपालमा दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्नका लागि सम्पूर्ण देशभक्त, वामपन्थी, सच्चा लोकतन्त्र पक्षधर शक्तिहरूसहित आम सर्वहारा–श्रमिक जनतालाई आह्वान गरिरहेको छ। उक्त महान् उद्देश्य पूरा गर्नका लागि सर्वहारा–श्रमिक वर्गको मुक्तिको दर्शनका रूपमा स्थापित मालेमावादी विचारको मार्गनिर्देशनमा एकीकृत जनक्रान्तिको राजनीतिक कार्यदिशा विकाससहित विगत ८ वर्षयता यसको कार्यान्वयन प्रक्रिया पनि अगाडि बढिरहेको छ। विश्वमा समाजवादी क्रान्तिका विभिन्न मोडेलहरू रहेका छन्। तीमध्ये रुसी तथा चिनियाँ मोडेलहरू विश्वव्यापी महत्वका रहे पनि ती कार्यदिशाको हुबहु प्रयोग आजको सन्दर्भमा असम्भव रहन गएको छ। विश्व-समाजवादी क्रान्तिका मूलतः यी दुवै मोडेलका सार्वभौमिक पक्षहरूमा नेपालको विशिष्ट पक्षलाई समावेशसहित नयाँ मोडेलको कार्यदिशाको संश्लेषण गर्नुपरेको हो। क्रान्तिकारी एवम् बलियो कम्युनिस्ट पार्टी निर्माण र आम मुक्तिकामी सर्वहारा–श्रमिक जनतालाई एकीकृत गर्नु यो कार्यदिशाको मूल अन्तर्वस्तु रहेको छ। यसो हेर्दा यी प्रश्नहरू आमरूपमा प्रयोग भएको जस्तो देखिए पनि त्यसको सार अन्तर्वस्तुमा कैयौँ भिन्नताहरू रहेका छन् जुन आजको विश्व र नेपालको वस्तुगत धरातलमा टेकेर निर्माण गरिएको छ। पार्टी कार्यदिशाको निर्माणका सन्दर्भमा पार्टीले वर्गसङ्घर्ष, उत्पादन सङ्घर्ष र वैज्ञानिक प्रयोगको माओवादी मान्यतालाई गहिरो गरी आत्मसात र प्रयोगलाई जीवन्त बनाउने कोसिस गरिरहेको छ।

यो कुरा सर्वविदितै छ, विगत उन्नाईसौ शताब्दीको दोस्रो दशकदेखि सत्तरीको दशकसम्म आइपुग्दा वैचारिक र भौतिक रूपले पुँजीवादका विरुद्ध हाबी भएको समाजवादी सत्ता प्रतिक्रान्तिमा बदलिन पुगेको छ। यो तितो तर वास्तविक यथार्थलाई आजका क्रान्तिकारीहरूले महत्वपूर्ण शिक्षाका रूपमा ग्रहण गर्नुपर्दछ। इतिहासबाट सिकेर पनि वैज्ञानिक समाजवादी सत्तालाई प्रतिक्रान्तिबाट बचाउने विचार र विधिको विकास गर्न नसक्नु सर्वहारा–श्रमिक वर्गप्रतिको गम्भीर धोकाशिवाय केही हुन सक्दैन। यो ऐतिहासिक तथ्यसहित भाबी दिनमा वैज्ञानिक समाजवादको स्थापना, रक्षा र विकासका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टीले निम्नआधारभूत सैद्धान्तिक र नीतिगत विषयहरूमा गम्भीरतापूर्वक ध्यान केन्द्रित गर्नु आवश्यक छ :

### पहिलो– विचार/राजनीति

सर्वहारा–श्रमिक वर्गको राज्यसत्ताको स्थापना, रक्षा र विकासको पहिलो सर्त वैज्ञानिक र वस्तुवादी विचार/राजनीति हो जसलई हामीले मालेमावादी सिद्धान्तद्वारा निर्देशित विचार/राजनीतिका रूपमा आत्मसात गर्दै आएका छौँ। यसले मात्र वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षा गर्न सक्छ। मालेमावादी सिद्धान्तले समाजमा रहेका वर्गहरू, उनीहरुका बीच विद्यमान अन्तर्विरोधहरू तथा त्यसको समाधानका लागि सही बाटो देखाउने गर्छ। सबैखाले अन्याय, अत्याचार तथा राज्यसताद्वारा विभिन्न जनवर्गका विरुद्ध गरिने उत्पीडन एवम् दमनका विरुद्ध सङ्घर्षका लागि सर्वहारा श्रमिक जनताहरूलाई सङ्गठित गर्ने, सङ्घर्ष गर्ने र वैज्ञानिक समाजवाद निर्माणका लागि अगाडि बढ्ने बाटो देखाउँछ। राष्ट्रिय स्वाधीनता, आत्मनिर्भर अर्थतन्त्र तथा विभिन्न जनवर्गको हकहितको ग्यारेन्टीसहितको स्वतन्त्रता मालेमावादी विचार/राजनीतिका राष्ट्रिय अन्तर्वस्तुहरू हुन् भने सर्वहारा अन्तर्राष्ट्रियतावाद, बल प्रयोगको सिद्धान्त, वर्गीय अधिनायकत्वका प्रश्नहरू यसका अन्तर्राष्ट्रिय अन्तर्वस्तुहरू हुन्। यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विचार/राजनीतिका अन्तर्वस्तुहरूका कारण यो विद्यमान साम्राज्यवाद तथा दलाल पुँजीवादको तुलनामा हजारौँ गुणा उत्कृष्ट रहेको छ। यसप्रकारको वैज्ञानिक विचार/राजनीतिको आत्मसातीकरण र निरन्तर विकासद्वारा मात्र वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षा सम्भव छ।

### दोस्रो– क्रान्तिका तीन साधनको निर्माण र सशक्तीकरण

वैज्ञानिक समाजवादको स्थापनाका लागि सञ्चालन गरिने सङ्घर्षमा पनि र त्यसको निर्माण र रक्षाका लागि पनि क्रान्तिका तीन साधनहरूको निर्माण र सशक्तीकरण एउटा महत्वपूर्ण विषय हो। त्यसमा पहिलो पार्टीको सवाल आउँछ। त्यसप्रकारको कम्युनिस्ट पार्टी मालेमावादमा आधारित कम्युनिस्ट पार्टी जसले सर्वहारा–श्रमिक जनताको मुक्ति र परिवर्तनका लागि सङ्घर्षको नेतृत्व गर्न सकोस्। आजको युगमा मालेमाको खोज, अध्ययन–अनुसन्धान र प्रयोगसहित निरन्तर विचारको विकास गर्ने हैसियत राख्नसक्ने कम्युनिस्ट पार्टीको निर्माण निर्णायक र महत्वपूर्ण विषय हो जसले आफ्नो जीवन सदा हराभरा र क्रान्तिकारीकरण गरिरहेको होस्। आज हाम्रो पार्टीले त्यस दिशामा आफूलाई अगाडि बढाइरहेको छ। दोस्रो–सेना निर्माण– आज विश्वमा एकाध देशबाहेक सबै देशहरूले आफ्नो देशको रक्षाका लागि भनेर सेना निर्माणसहित ठूलो धनराशि खर्च गरिरहेका छन्। रूपमा देशको सीमा सुरक्षाको हवाला दिए पनि सेना मूलतः देशभित्रकै अन्तर्द्वन्द्वको व्यवस्थापनमा केन्द्रित भएको छ र मूलतः आफ्नै सत्ताको रक्षा गर्न मात्र केन्द्रित भएको तथ्य छर्लङ्ग रहेको छ। विज्ञान, प्रविधि तथा सूचना–सञ्चारको विकासले अबको सुरक्षाप्रणाली कस्तो बनाउने भन्ने प्रश्न पनि आजको दुनियाँमा उठिरहेको छ। आजको तथ्य के रहेको छ भने विश्वका अति विकसित केही देशहरू जो साम्राज्यवादमा पुगेका छन् उनीहरूले चाहँदा विश्वका अधिकांश मुलुकहरूलाई सजिलै नियन्त्रणमा लिन सक्छन्। साम्राज्यवादको अल्पविकसित देशहरूलाई उपनिवेश वनाउने नयाँ विचार, शक्ति राष्ट्रहरूको बहुध्रुव तथा आपसी अन्तर्विरोध तथा कैयौँ अन्तर्राष्ट्रिय सन्धिहरूले यो अवस्था सजिलो भने छैन। तैपनि तथ्यहरूले के बताइरहेका छन् भने साम्राज्यवादको गहिरिँदै गएको सङ्कटका कारण युद्धको सम्भावना पनि बढिरहेको छ। जे भए पनि हामीले आमसर्वहारा–श्रमिक जनहरूको मुक्ति तथा देशको रक्षाका लागि एउटा बलियो जनताको राष्ट्रिय सेना निर्माण गर्नै पर्दछ। पेसेवर सेना मात्र होइन, बरु लाखौँ-करोडौँ जनतालाई सैन्यीकृत गरेर मात्र वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षा गर्न सम्भव छ।

तेस्रो– संयुक्त मोर्चा वैज्ञानिक समाजवादी सत्ता प्राप्तिको सङ्घर्षमा विभिन्न राजनीतिक दलहरू, विभिन्न सङ्घ–सङ्गठनहरूलगायत विभिन्न सरोकारवाला पक्षहरूसँग संयुक्त मोर्चा निर्माण गर्नु पर्दछ भने सत्ताको सञ्चालनमा पनि नयाँ उचाइमा सैद्धान्तिक र व्यावहारिक अवधारणाको विकास र प्रयोग जरुरी छ।

### तेस्रो– कडा परिश्राम र सरल प्रशासन

हाम्रो पार्टीको कार्यप्रणाली सरल प्रशासन तथा कडा परिश्रममा आधारित छ। बलियो अर्थसम्बन्धको निर्माण, आत्मनिर्भर अर्थतन्त्रसहितको समृद्ध राष्ट्र तथा स्वस्थ नागरिक निर्माणका लागि हामीले प्रारम्भिक रूपमा यो कार्यप्रणाली अवलम्बन गर्दै आएका छौँ। यसका लागि हाम्रो पार्टीमा आबद्ध सबै नेता तथा कार्यकर्ताहरूले दैनिक भौतिक तथा मानसिक श्रममा भाग लिनुपर्छ। आज दुनियाँका अति विकसित चीन, अमेरिका, जापान, कोरिया, बेलायतलगायत राष्ट्र त्यतिकै त्यहाँ पुगेका होइनन्, बरु उनीहरूले भौतिक र मानसिक रूपले कडा परिश्रम गरेका छन्। कम्युनिस्ट पार्टीले भौतिक र मानसिक श्रम गर्ने कुरालाई जहिले पनि सम्मान र आत्मसात गर्नुपर्छ। समाजमा केही मानिसहरू श्रमलाई बेवास्ता र श्रमिकलाई घृणा गर्दछन्। त्यसप्रकारको गलत प्रवृत्तिले हामीलाई आर्थिक दृष्टिले परनिर्भर र स्वास्थ्यका दृष्टिले रोगको केन्द्र बन्नुशिवाय केही दिन सक्दैन। हाम्रो प्रशासनिक तरिकालाई सरल बनाउँदै श्रमको महत्वलाई आजैबाट बुझौँ, सहभागी बनौँ र देश तथा जनतालाई आत्मनिर्भर र समृद्ध बनाउनका लागि लागिपरौँ। वैज्ञानिक समाजवादको स्थापना, रक्षा र विकासका लागि यो निकै जरुरी महत्वको विषय रहन गएको छ।

### चौथो– बलियो अर्थतन्त्र

वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षाका लागि बलियो अर्थतन्त्रको आवश्यकता पर्दछ। यसको अभावमा वैज्ञानिक समाजवादको स्थापना, रक्षा र विकासको कल्पना पनि गर्न सकिँदैन। आज हाम्रो देशमा चलिरहेको दलाल संसदीय व्यवस्था पूर्णतः वैदेशिक ऋण, सहयोग र रेमिट्यान्समा आधारित रहेको छ। त्यसैले यो राज्यसत्ता दलाल प्रवृत्तिमा आधारित छ। अझ टिठलाग्दो कुरा त के छ भने दलाल संसदीय राज्यसत्ताका सञ्चालकहरू नै देशको अर्थतन्त्रका आधारहरू भत्काउने काम गर्दछन्। निजीकरणका नाममा विगतमा हाम्रा पचासौँ उद्योगहरू कौडीको भाउमा बेचिएका छन्। यसले हामो राष्ट्रिय अर्थतन्त्रलाई धराशायी पार्ने र पूर्णतः वैदेशिक ऋण र सहयोगमा रहन बाध्य पारेको छ। आज विज्ञानप्रविधिको विकास र त्यसको सही प्रयोग तथा मानवीय श्रमका कारण कैयौँ पुँजीवादी मुलुकहरूले उद्योग र कृषिका क्षेत्रमा गुणात्मक विकास गरेका छन्। कृषिका क्षेत्रमा इजरायलले गरिरहेको नमुना, खाडी राष्ट्रका कैयौँ मुलुकहरूले गरिरहेको कृषि क्षेत्रको प्रगति हेर्दा हाम्रो मुलुकले अर्थतन्त्रमा द्रुत गतिमा विकास गर्ने क्षमता राख्छ। हामीसँग भएका पर्याप्त साधन–स्रोतहरू जस्तो कि– जल, जमिन, जडीबुटी, खनिजजन्य, पर्यटन तथा मानवीय श्रमको सही रूपमा सदुपयोग गर्दा हामीले बलियो र आत्मनिर्भर अर्थतन्त्रको विकासमा गुणात्मक फड्को मार्न सक्नेछौँ।

### पाँचौँ– कूटनीतिक सम्बन्ध

यो स्वाभाविक कुरा हो- हरेक देशहरूका पारस्परिक सम्बन्धहरू राजनीतिक तथा कूटनीतिक सम्बन्धमा आधारित रहेका हुन्छन् जुन आफ्नो देशको व्यवस्थाअनुकूल राजनीतिक उद्देश्यद्वारा निर्देशित गरिएको हुन्छ। पुँजीवादी सत्ता सञ्चालकहरू आफ्नो सत्ताको रक्षा र सुदृढीकरण तथा श्रमिक वर्गमाथि उत्पीडन र लुटखसोटका लागि कूटनीतिक सम्बन्ध कायम गर्दछन्। यसको अन्तर्वस्तुमा बलिया राष्ट्रहरूले कमजोर राष्ट्रमाथि तथा शोषक वर्गले श्रमिक वर्गमाथि थिचोमिचो गर्ने रहेको हुन्छ तर समाजवादी राज्यसत्तामा एक देश र अर्को देशबीचको सम्बन्ध आपसी भातृत्व र पारस्परिक सेवा र लाभमा आधारित रहेको हुन्छ। यसले देश र जनताको सेवालाई केन्द्रभागमा राखेर आफ्ना कूटनीतिक सम्बन्धहरूलाई अगाडि बढाइरहेका हुन्छन्। त्यसका साथै साम्राज्यवादी उत्पीडनका विरुद्ध सङ्घर्ष गर्ने, शोषक तथा श्रमचोर वर्गका विरुद्ध श्रमिक वर्गका बीचमा एकता र वैज्ञानिक समाजवादको विश्वव्यापी लहर सिर्जना गर्नुका साथै वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षाका लागि एक अपरिहार्य आवश्यकता हो।

माथि हामीले वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षाका सन्दर्भमा सङ्क्षिप्त चर्चा गर्‍यौँ। यो कुन अर्थमा भने आजको युगमा दुनियाँको कुनै पनि देशमा वैज्ञानिक समाजवादी राज्यसत्ता रहेको छैन। विचार, राजनीति र कार्यक्रममा पुँजीवादको तुलनामा कैयौँ गुणा श्रेयष्कर भए पनि आज वैज्ञानिक समाजवाद भौतिक रूपले पुँजीवादसँग पराजित हुन पुगेको छ। यसलाई हामीले अस्थायी र सापेक्षित हारका रूपमा परिभाषित गरेका छौँ किनकि वैज्ञानिक समाजवादी राज्यसत्ता सर्वहारा–श्रमिक वर्गको नेतृत्वमा निर्माण हुने सत्ता हो जुन वर्गलाई मालेमावादले उदीयमान वर्गका रूपमा मान्दछ र यसको विजय सुनिश्चित छ भन्ने मान्यतालाई आत्मसात गर्दछ। सैद्धान्तिक रूपले यो ऐतिहासिक तथ्यमा सहमत हुने हामी कम्युनिस्टहरू आजैदेखि वैज्ञानिक समाजवादको स्थापना, निर्माण र रक्षाका लागि गर्नसक्ने योगदानका लागि तयार बनौँ। नेपाली कम्युनिस्ट आन्दोलनमा नकारात्मक विरासतका रूपमा देखापरिरहेको केवल शास्त्रलाई मात्र आधार मान्ने र समाजवादलाई सुदूरभविष्यको विषय बनाउने गलत रुझानबाट मुक्त हुँदै शास्त्र र जीवन-व्यवहारलाई जोड्न सक्ने आदर्श स्थापित गरौँ जसले समाजवादी आन्दोलनलाई हराभरा र जीवन्त बनाउँदै सिङ्गो मानव समाजलाई दुनियाँले देख्ने गरी बदल्न सकोस्।

## कम्युनिस्ट पार्टीहरुबीच ....

भने अर्को हुन्छ जो जनताले भड्ने बुझ्न सक्दैनन् । यो रूपमा एकता, सारमा एकताविरोधी हुन्छ । जनता र कार्यकर्ताको भावना र चाहना जहिले एकता हुनुपर्छ, मिल्नुपर्छ भन्ने हुन्छ,यो बिल्कुल जायज र न्यायोचित पनि छ । यसको हामी कदर र समर्थन पनि गर्दछौं । कम्युनिस्टहरू फुट्नु हुँदैन, जुट्नुपर्छ । सबै कम्युनिस्टहरु एउटै पार्टी र एक भएर जानुपर्छ । यो हाम्रो पनि चाहना होतर अवसरवादी नेताहरुको मन/विचार भने जनता र कार्यकर्ताको जस्तो पवित्र नभएर स्वार्थमिश्रितहुन्छ जसले उनीहरू एउटा भन्ने अर्को गर्ने गर्दछन् । जनतालाई ढाँट्ने गर्दछन् ।

केपी, प्रचण्ड, किरणलगायत कम्युनिस्ट घटकहरुको 'पार्टी एकता' को प्रस्तावको पछाडिको मनसाय भने भिन्न–भिन्न छ । संसदवादी कम्युनिस्टहरुको,विशेषतः केपी र प्रचण्डको 'पार्टी एकता' को मनसाय कम्युनिस्ट पार्टीलाई भोट बैङ्क बनाउनेमाछ्र पार्टीलाई चुनावमा सबभन्दा ठूलो पार्टी बनाएर सरकारको नेतृत्वमा पुग्नेछा साना कम्युनिस्ट घटकहरुको 'पार्टी एकता' को मनसाय राजनीतिक अस्तित्व कायम गर्नुमा छ । क्रान्तिकारीहरूको ' पार्टी एकता' को मनसाय क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनलाई सफल पार्ने र देशको मुहार बदल्ने रहेको छ ।

एकताको कुरा गर्दा यहाँ ३ पक्षमा एकता जरुरी छ : पहिलो वैचारिक एकता, दोस्रो राजनीतिक एकता र तेस्रो साङ्गठनिक एकता । वैचारिक एकता भनेको विचारमा एकता हो । कम्युनिस्ट पार्टी विचार र वर्गका आधारमा एकताबद्ध मानवसमूह पनि हो । ती विचारमा मिलेनन् र वर्गविचलन भए भने अलगथलग हुन्छन् । दोस्रो राजनीतिक एकता भनेको राजनीतिक चरित्र र दृष्टिकोण मिल्नेहरूका बीचमा एकता हो । विचार जहाँ भए पनि राजनीति मिल्यो भने एकता हुन सक्छ, जस्तो संसदवादी राजनीतिका अनुयायीहरू अन्तिममा संसदीय व्यवस्थाका पक्षमा एक हुन्छन् तर यो एकता दिगो हुँदैन । तेस्रो, साङ्गठनिक एकता। साङ्गठनिक एकता भनेको अलगअलग रहेका पार्टी, सङ्गठनहरूलाई एक ठाउँमा मिलाउनु हो । वैचारिक एकता र राजनीतिक एकता संरचनामा हुँदैन । यो विचार र भावनामा हुन्छ । सङ्गठनात्मक एकता विधि, पद्धति र संरचनामा हुन्छ ।

कहिलेकहीं विचार र भावनालाई पन्छाएर स्वार्थकेन्द्रित एकता हुने गर्दछ । यस्तो एकता धेरै दिन टिक्न सक्दैन । जस्तै, केपी र प्रचण्डको एकता । साङ्गठनिक एकतालाई दिगो र बलियो बनाउने बैचारिक र राजनीतिक एकताले हो । सङ्गठनात्मक एकता गर्नुपूर्व वैचारिक र राजनीतिक एकताको आधार तयार पार्नु एकताका पक्षधरहरूको पहिलो कार्य हो । एकताका आधार मजबुत भएपछि गरिने एकता वास्तविक एकता हो । यो साङ्गठनिक एकता हो । यो एकताका पक्षधरहरूले गर्ने दोस्रो कार्य हो । यी कुराहरूमा ध्यानै नदिई गरिने 'पार्टी एकता' को कुनै अर्थ हुँदैन ।

केपी ओली र प्रचण्डहरूले हामीसँग गर्ने भनेको पार्टी एकता साँच्चैको पार्टी एकता होइन ।यसका पछाडिको मनसाय आत्मसमर्पण गराउने रहेको छ । प्रतिबन्धमा पनि हामीलाई आत्मसमर्पण गराउन असाध्यै बल नगरेका होइनन् ।त्यसरी सम्भव नभएपछि। बुँदेमा आए र सीधै 'पार्टी एकता' को प्रस्ताव राख्नुको पछाडि राजनीतिक रूपले आत्मसमर्पण गराउनु र साङ्गठनिक रूपले नेकपालाई उनीहरूको पार्टीमा विलय गराएर क्रान्तिकारी पार्टीको अस्तित्व मेटाइदिने मनसाय झल्कन्छ । सहमति लागू नगर्नुको एउटा कारण यो पनि हो । यो एक प्रकारले हामीलाई दबाबमा राख्ने मनसाय पनि हो । त्यो तरिका पार्टी एकता गर्ने तरिका होइन । फेरि ३ बुँदे सहमति गर्दा पनि हामी आत्मसमर्पण गरेर आएका थिएनौं । त्यसैले उहाँहरूको त्यस्तो केटाकेटी पाराको र आत्मसमर्पण शैलीको पार्टी एकतालाई हामीले सीधै इन्कार गर्यौं किनकि सहीमनसायले गरिएको थिएन । यो एकता केपी, प्रचण्ड र माधवहरूका बीचमा भने सही हुन सक्छ किनकि उहाँहरूबीच विचार र राजनीतिमा कुनै अन्तर छैन । हामीसंग पार्टी एकता गर्न कि हामीहरू यो संसदीय व्यवस्था र संविधान मानेर जानुपर्यो कि उहाँहरू त्यो छाडेर आउनुपर्यो । अनि पार्टी एकताबारे सहज छलफलको ढोका खुल्छ ।

त्यसैले अहिले उनीहरूले भन्ने गरेको एकता वास्तविक एकता होइन । यो प्रचण्ड र केपीहरूले नबुभेर गरेको कुरा पनि होइन । यसको पछाडि ढाँट, छलकपट छ । जनताको एकताको चाहनामा खेलबाड गर्ने षड्यन्त्र छ । यो हामी इमानदार क्रान्तिकारी सिपाहीको नाताले जनतालाई यथार्थ भनेपर्छ र भ्रममा पर्न दिनु हुँदैन ।

वास्तवमा हामीले पार्टी एकताको एउटा अभियानको थालनी र नेतृत्व गरेका छौं । हामीले गरेको पार्टी पुनर्गठनको प्रयास नै एउटा बृहत्कम्युनिस्ट एकताको पहलु हो । साङ्गठनिक कोणबाट हेर्दा प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा एकीकृत माओवादीबाट विद्रोह कम्युनिस्ट पार्टीमा एउटा फुट अवश्य थियो किनकि त्यो पार्टीमा न विचार मिल्न सक्यो, न राजनीति मिल्यो, न साङ्गठनिक सेटिङ नै मिल्न सक्यो । पार्टी एक हुँदा पनि भित्र पार्टी फुटिसकेको अवस्था थियो । यस्तो अवस्थामा सँगै बस्ने भनेको कचिङ्गल गरिरहने र चोचोमोचो मिलाएर अस्थायी रूपले मिलेर बस्नुबाहेक अरू केही हुँदैन । यसले जनता र क्रान्तिलाई फाइदा गर्दैन । यसको परिणाम पार्टी फुट अनिवार्य बन्न पुग्यो । यो हामी कसैको चाहना थिएन, क्रान्तिको एउटा अनिवार्य नियम थियो। यसलाई अर्को कोणबाट जबवस्तु र त्यसको अन्तवस्तुलाई हेर्छौं, यो अनिवार्यवस्तुगत आवश्यकता थियो । यसलाई एकता र फुटको द्वन्द्ववाद पनि भनिन्छ । फुट आफैं एकताको एउटा प्रक्रिया पनि हो । सजातीय पक्षहरूबीचको एकता र विजातीय पक्षसँगको फुट । यो नै एकता र फुटको द्वन्द्ववाद हो । वस्तुलाई एउटै आँखा र दृष्टिले हेर्दा कि एकता मात्र देखिन्छ कि फुट मात्र देखिन्छ । हाम्रो विद्रोह वैचारिक र सैद्धान्तिक हिसाबले संशोधनवादसित र राजनीतिक रूपले संसदवादसँगको विद्रोह थियो । साङ्गठनिक हिसाबले पार्टीको अवसरवादी, विचलनवादी नेतृत्वको विचार, शैली र नेतृत्वसँग सम्बन्धविच्छेद थियो । वैचारिक धाराको हिसाबले एउटा क्रान्तिकारी वैचारिक धारा, आन्दोलनको नेतृत्वको निर्माण, क्रान्तिकारी कम्युनिस्टहरूबीचको एकता र ध्रुवीकरणको महाअभियानको थालनी पनि थियो जो आज एउटा आन्दोलन बनेर देशको परिवर्तनकारी धाराको एउटा मूलप्रवाह बनेको छ । यस अर्थमा एकीकृत जनक्रान्ति आफैं आन्दोलनमा एकताको एउटा महाअभियान पनि हो ।

जहाँसम्म केपी, प्रचण्डहरूसँगको 'पार्टी एकता' को प्रश्न छ– यो राजनीतिक र वैचारिक दुवै हिसाबले अन्तर छ । पछिल्लो चरणमा प्रचण्ड कमरेडहरू पनि केपीको एमालेको वैचारिक राजनीतिक लाइनमा पतन भएपछि दुवैसँग वैचारिक र राजनीतिक हिसाबले कुनै अन्तर रहेन । उनीहरूको पनि हामीलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा कुनै अन्तर थिएन । हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाउने सवालमा उहाँहरूको समान धारणा र दृष्टिकोण थियो । पछि उहाँहरूका बीचको फुट आफ्नै कारणले भएको थियो, त्यो स्वार्थकेन्द्रित थियो । त्यसमा कुनै राजनीतिक र वैचारिक भिन्नता थिएन र अहिले पनि छैन । त्यसैले उनीहरूले भन्ने गरेको एकता उनीहरूको राजनीति र विचारमा आत्मसमर्पण वा विलय गराउने प्रश्न हो । एक–दुई पद र मन्त्री पाउने कुराले विचारमा कुनै अन्तरभेद गर्दैन ।सवाल क्रान्ति, विचार र राजनीतिक कार्यदिशाको थियो । त्यो हिजो पनि अन्तर भएकाले अलगअलग बाटो हिँड्नुपरेको हो । आज पनि अन्तर छ, हिजोकोभन्दा कुनै मानेमा भिन्न छैन । यस्तो अवस्थामा उहाँले भन्ने 'पार्टी एकता' को अर्थ पहिलो विप्लवलाई पनि संसदवादी धारमा तान्नु हो । दोस्रो संसदवादी पार्टी एकता गरेर विप्लवको क्रान्तिकारी अस्तित्व मेटाइदिने हो र तेस्रो विप्लवसँग छिट्टै एकता हुँदैछ भनेर आफ्ना कार्यकर्ताहरूलाई थामथुम पार्नु वा विप्लवले मानेनन्भनेर 'पार्टी एकता' विरोधी विप्लव हुन् भनेर विप्लवमाथि दोष थोपर्ने मनोवैज्ञानिक तरिका हुनसक्छ ।

अतः देशको समग्र राजनीतिक परिस्थितिलाई ध्यान दिँदै राजनीतिक रूपले सबैसँग शान्तिपूर्ण सहकार्यको मार्गप्रशस्त गर्न र मुलुक र जनतालाई अग्रगामी राजनीतिक निकास पनि दिन, जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउन, कम्युनिस्टहरूका बीचमा एउटा साझा एजेन्डामा एक भएर भावी कम्युनिस्ट एकताको बलियो आधार तयार पार्न तत्काल एउटा बृहत्कम्युनिस्ट मोर्चा निर्माण गर्न र देशलाई एकपटक नयाँ सोचाइ र नयाँ अभ्यासबाट अग्रगमनतिर डोऱ्याउनआवश्यक भएकाले हाम्रो पार्टीले सबैको साझा एजेन्डका रूपमा वैज्ञानिक समाजवाद कि विद्यमान दलाल पुँजीवाद ? भन्ने विषयमा जनतालाई नै मतदाट आफूलाई मन परेको व्यवस्था रोज्न 'जनमत सङ्ग्रह'को एजेन्डा अगाडि सारेको छ । यो आजको राजनीतिक परिवेशमा सबैको उपयुक्त साझा एजेन्डा हुनसक्छ ।

यो सत्य हो- आज देश र जनताको जुन दशा छ, यसको कारण कुनै व्यक्तिविशेषभन्दा असफल संसदीय व्यवस्थाको कारणले हो । यो व्यवस्थामा जो गएपनि त्यस्तै हुने हो र आजको देश र जनताको विकराल समस्या यो व्यवस्थाबाट हल हुन सक्दैन । यसको हल वैज्ञानिक समाजवादले मात्र गर्दछ । नेपालको राजनीतिक भगडा नै यसैमा छ । एकथरीले यो संसदीय व्यवस्थालाई उत्तम व्यवस्था ठान्छन् तर अर्काथिरीले यो व्यवस्था नै सबै खराबीहरूको स्रोत भएकाले यसको विकल्प समाजवादी व्यवस्था हो भनिरहेको सन्दर्भमा कुन ठीक, कुन बेठीक यसको छिनोफानो गर्ने अधिकार इतिहासका निर्माता महान् जनतालाई दिनुपर्छ । यसका लागि जनमतसङ्ग्रह नै सबभन्दा उपयुक्त छ ताकि फेरि यसैका कारण देश हिंसाको सिकार नबनोस् ।

अतः लामो समय संसदीय व्यवस्थाले थिलथिलो भएको देश र त्यो संसदीय दलदल, रङ्गीचङ्गी समाजवादको झिलिमिलीमा अलमिलएकाकम्युनिस्टहरूलाई उद्धार गर्ने रचिराचिरामा विभक्त कम्युनिस्ट पार्टीहरूलाई एकताको बाटो देखाइदिने सबभन्दा उपयुक्त राजनीतिक एजेन्डा पनि यही जनमतसङ्ग्रह हुनसक्छ। यसले वैज्ञानिक समाजवादको फलामे ढोका (Iron Gate) पनि उघारिदिनेछ। यसले नेपालमा समाजवाद कस्तो हुनुपर्छ?भन्ने बहस विभिन्न राजनीतिक दल, सङ्घसंस्था र समाजका विभिन्न मञ्चहरूमा पैरवी गर्नेछ । यसका असली न्यायाधीश जनता हुनेछन् र जनतालेजनअदालतबाट यसको छिनोफानो गर्नेछन् । यसले नेपालमा राजनीतिक रूपले हुने सशस्त्र द्वन्द्व र हिंसालाई पनि न्यूनीकरण गर्नेछ । यो नेपालमा सशस्त्र द्वन्द्वको एउटा उपयुक्त विकल्प पनि बन्नेछ । यसले कम्युनिस्ट र गैरकम्युनिस्ट, समाजवाद तथा समाजवादविरोधीहरूबीच पनि भेद छुट्याउनेछ। जनतालाई साँच्चैको समाजवादविरोधी शक्ति र मित्रशक्तिको पहिचान गर्न पनि सजिलो हुनेछ ।आफ्नो भाग्यको फैसला गर्ने अधिकार आफैँ प्राप्त गर्नेछन् । यो साँच्चैको लोकतन्त्रको एउटा अभ्यास हुनेछ ।

अन्त्यमा आजको देश र जनता तथा कम्युनिस्टहरूको पनि एकता, सहकार्य, स्वच्छ प्रतिस्पर्धा र उचित राजनीतिक निकासको एक मात्र उपयुक्त विकल्प 'जनमतसङ्ग्रह' भएकाले बिनापूर्वाग्रह एकजुट भएर अगाडि बढौं । यो नै वास्तवमाजनताको चाहना र भावनाको कदर र सम्मान हुनेछ रजनताको लामो समयदेखिको दिगो शान्ति, परिवर्तन तथा विकास र समृद्धिको आकाङ्क्षा पूरा हुनेछ ।

## प्रवक्ता प्रकाण्ड र ....

बैठक आयोजना गरी समीक्षासहित कार्यान्वयनको मार्गचित्र तयार पार्ने सहमतिसमेत भएको बताइएको छ ।

यसैगरी दुई नेताबीचको उक्त भेटवार्तामा देशको विद्यमान राजनीतिक सङ्कटलगायत समस्या समाधानका बारेमा सकारात्मक दिशा प्रदान गर्ने विषयमा समेत गम्भीर छलफल भएको बताइएको छ ।

साथै भेटवार्तामा कोरोनाको तेस्रो लहरले जनतामा परेको असर र त्यसको समाधान र नियन्त्रणसम्बन्धी समझदारी, काठमाडौं मेडिकल कलेजको विद्यार्थी आन्दोलन र त्यसको समाधानबारे सरकार र गृह मन्त्रालयको भूमिकाका विषयमा समेत छफल भएको बताइएको छ ।

यसैगरी उक्त भेटवार्तामा नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले नेकपाका तत्कालीन सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलका हत्यारालाई कारबाहीको दायरामा ल्याउन सरकार र गृहमन्त्री बालकृष्ण खाँडलाई गम्भीर ध्यानाकर्षण गराएका थिए ।

# जनपत्रकार सङ्गठन पाल्पाको अध्यक्षमा मोहन निवाङ



**तानसेन ।** जनपत्रकार सङ्गठन नेपाल पाल्पाको प्रथम जिल्ला सम्मेलनले मोहन निवाङको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ ।

जिल्ला सदरमुकाम तानसेनमा सोमबार सम्पन्न जनपत्रकार सङ्गठन नेपाल पाल्पाको नवनिर्वाचित कार्यसमितिमा मनीषा आले उपाध्यक्ष, सौरभ रेग्मी सचिव, गमनसिंह टोमटा सहसचिव र अस्मिता लम्साल कोषाध्यक्षमा चयन भएका छन् । त्यसैगरी जिल्ला सदस्यहरूमा कल्पना न्यौपाने, महेश काम्मु, निर्मला बस्नेत, पुष्पा गैरे, पूजा सुनार, रम्बा राना, पुष्पा रासकोटी, विजय सारू, रोशनी राना, लक्ष्मी पाण्डे, सविता गहतराजलगायत चयन भएका छन् ।

नवनिर्वाचित कार्यसमिति सदस्यहरूलाई बधाई तथा कार्यसफलताको शुभकामना दिँदै सम्मेलनका विशिष्ट अतिथि रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले दलाल पुँजीवादी व्यवस्था अन्त्य गरेर वैज्ञानिक समाजवाद स्थापना गर्न जनपत्रकार हरूको भूमिका महत्वपूर्ण रहेको बताए । जनपक्षीय पत्रकारिता आवाजविहीनहरूको आवाज भएकाले युवा जनपत्रकारहरूले समाजमा दलाल सत्ताले आवाज बन्द गराएका श्रमिक, उत्पीडित समुदायको आवाज घन्काउनुपर्ने, समाजमा विद्यमान भ्रष्टाचार, शोषण, व्यभिचारको भण्डाफोर गर्नुपर्ने र वैज्ञानिक समाजवादका पक्षमा जनमत निर्माण गर्नुपर्ने दायित्व रहेको उनको भनाइ थियो ।

कार्यक्रमका अतिथि जनपत्रकार सङ्गठन चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य एवम् लुम्बिनी प्रदेश अध्यक्ष दीपेश विष्टले जनपत्रकारहरूले एकीकृत जनक्रान्तिका पक्षमा प्रचारप्रसार गर्नुपर्ने र क्रान्तिकारी शक्ति निर्माण गर्नुपर्ने बताए । जनपत्रकारिताको इतिहासको चर्चा गर्दै उनले हरेक आन्दोलनहरूमा जनपत्रकारहरूले ऐतिहासिक भूमिका निर्वाह गरेको पनि प्रस्ट पारे । मिसन पत्रकारितामा जनपत्रकार सङ्गठनले निर्वाह गरेको भूमिका उल्लेख्य रहेको भन्दै उनले उदीयमान पुस्ताको उल्लेख्य सहभागिताले आन्दोलनमा ऊर्जा थपिएको धारणा राखे ।

जनपत्रकार सङ्गठनका केन्द्रीय सदस्य आलोक लिम्बूले नवनिर्वाचित पदाधिकारी र सदस्यहरूलाई बधाई दिँदै भने, 'तपाईंहरूले देश, जनता र क्रान्तिका पक्षमा निर्वाह गरेको भूमिका नै तपाईंहरूको जिम्मेवारी र दायित्वबोधको कसी हो । एकीकृत जाक्रान्तिलाई केन्द्रमा राखेर पत्रकारिता गर्नुहोला ।' जनपत्रकारहरू एकीकृत जनक्रान्तिको सञ्चारसेना रहेको भन्दै लिम्बूले जनक्रान्तिका विरुद्ध षड्यन्त्र गर्ने र क्रान्तिमाथि घात गर्नेहरूका विरुद्ध जस्तोसुकै स्वरूपको सङ्घर्षमा पनि भाग लिनुपर्ने बताए ।

कार्यक्रमको अध्यक्षता गरेका जनपत्रकार सङ्गठन लुम्बिनी प्रदेश कोषाध्यक्ष तथा सङ्गठनका पाल्पा जिल्ला इन्चार्ज मुक्ति गैरेले क्रान्ति जारी रहेको समयमा जनपत्रकारहरूको भूमिका भनै बढेको बताए । पाल्पा जिल्लामा युवा पुस्ता रहरलाग्दो गरी क्रान्तिमोर्चामा लामबद्ध भएकोमा खुसी व्यक्त गर्दै गैरेले दलाल पुँजीवादी सत्ताका सबै षड्यन्त्र, जालभेल र दमनलाई प्रतिरोध गर्दै सञ्चारकर्मीले देश र जनताका पक्षमा सूचना प्रवाह गर्नुपर्ने बताए ।

कार्यक्रममा नेकपाकी केन्द्रीय सदस्य एवम् पाल्पा-गुल्मी इन्चार्ज भृकुटी, जनपत्रकार सङ्गठन लुम्बनीका सचिव अनिल नेपाली, नेकपा पाल्पा जनसरकार प्रमुख नेपाल लगायत उपस्थित थिए । जिल्ला कार्यसमितिको प्यानल प्रस्ताव सङ्गठनका लुम्बिनी प्रदेश अध्यक्ष दीपेशले र कार्यक्रमको सञ्चालन नवनिर्वाचित अध्यक्ष मोहन निवाङले गरेका थिए । सम्मेलनमा जिल्लाका विभिन्न क्षेत्रमा अध्ययनरत र कार्यरत जनपत्रकारहरूको सहभागिता रहेको थियो ।

आयोजक जनपत्रकार सङ्गठन पाल्पाले प्रशिक्षकहरूलाई मायाको चिनो र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरेको छ ।

# नेकपाले मनायो सहिद रमेश र राजेन्द्रको २० औँ स्मृति दिवस

■ सूर्यबहादुर गोले/मकवानपुर

नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले जनयुद्धका महान् सहिद रुद्र पाख्रिन 'रमेश' र राजेन्द्र नेपालको २० औं स्मृति सभा आयोजना गरी सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेको छ । बकैया गाउँपालिकाको गगरेगा आयोजित कार्यक्रममा तत्कालीन शाहीसेनाले निःशस्त्र अवस्थामा रहेका रमेश र उनका सहयोद्धा राजेन्द्रलाई २०५९ साल पुस २८ गते गोली हानी हत्या गरेको विषयमा चर्चा गर्दै सत्ताको हत्यासंस्कृतिको विरोध गरिएको थियो ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज नयनको प्रमुख आतिथ्य, जिल्ला सेक्रेटरी वाटरको विशेष आतिथ्य, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य विवेक घलान, बकैया ४ का वडाध्यक्ष राजन दङ्गाल, माओवादी केन्द्र मकवानपुरका जिल्ला सदस्य पर्शुराम गौतम, सहिद रुद्र पाख्रिनका भाइ बुद्धि पाख्रिनलगायतको आतिथ्य रहेको थियो । अतिथि र कार्यक्रममा उपस्थित सम्पूर्ण नेताकार्यकर्तालेगगरेस्थित रुद्र पाख्रिनको सालिकमा माला अर्पण र अबिर लगाई सहिदप्रति श्रद्धाञ्जलीसहित उच्च सम्मान व्यक्त गरेका थियो ।

कार्यक्रममा प्रमुख अतिथि नयनले सहिदहरूको रगत र बलिदानको उच्च कदर गर्दै तिनका सपना साकार पार्ने जिम्मेवारी नेकपाले लिएको बताए । 'संसदवादमा फसेकाहरूले न देश र जनताको मुक्ति दिलाउन सक्छन् न त सहिदको सम्मान नै गर्न सक्छन् । त्यसैले अब जनयुद्धको बाँकी कार्यभार एकीकृत जनक्रान्तिले मात्र पूरा गर्ने भएकाले सम्पूर्ण देशभक्त, प्रगतिशील नागरिकहरू एकजुट हुन आवश्यक छ', उनले भने ।

विशेष अतिथि वाटरले सहिदहरूका सपना पूरा गर्न एकीकृत जनक्रान्तिको थालनी भएको र दृढतापूर्वक निरन्तर अघि बढिरहेको बताए ।

जिल्ला सचिवालय सदस्य तथा हेटौँडा नगर सेक्रेटरी सूर्य अर्यालको सभाध्यक्षतामा आयोजित २० औं स्मृति सभाको सञ्चालन बकैया गाउँपालिका सेक्रेटरी श्याम सेन्चुरीले गरेका थिए ।

# भगौडाहरूद्वारा पार्टी पुनर्मिलनको प्रहसन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीले कारबाही गरेका, लामो समयसम्म निष्क्रिय रहेका, प्रतिबन्धको समयमा सरकारसँग आत्मसमर्पण गरेका, पार्टी सम्पर्कमा नरहेका, सुराकीको काम गरेका केही व्यक्तिहरूले नेकपासँग विद्रोह गरेको भन्दै वैद्य नेतृत्वको पार्टीमा कथित पुनर्मिलन गरेको भद्दा प्रहसन गरेका छन् । नेकपाले आफ्नो पार्टीका कुनै पनि कार्यकर्ता अरु पार्टीमा नलागेको जनाएको छ ।

लामो समयदेखि नेकपाको सम्पर्कमै नरहेका, पार्टी कारबाहीमा परेका र वैद्य पार्टीमा लागेका व्यक्तिहरूमा पुष्कर श्रेष्ठ, केदार खतिवडा, गङ्गाप्रसाद (जीपी) चौलागाईं, रामबहादुर तिरुवा, तारा थापलगाको नाउँ सार्वजनिक भएको छ । यीमध्ये कतिपय पार्टीका नाउँमा अवैध तरिकाले चन्दा असुल गरेर पार्टी सम्पर्कमा नरहेका र विवादित पात्रहरू पनि रहेको नेकपाको स्रोतले जनाएको छ । यसअघि यसैगरी पार्टी कारबाहीमा परेका र पार्टी स्रोत दुरुपयोग गरी भागेकाहरू आहुति नेतृत्वको समूहमा टाउको लुकाउन पुगेका थिए ।

# सिद्धान्त र व्यवहार

– सम्भव मास्के 'युगीन'



*'क्रान्तिकारी सिद्धान्तबिना कुनै क्रान्तिकारी आन्दोलन हुन सक्दैन । अग्रदूतको भूमिका त्यस्तो पार्टीले मात्र खेल्न सक्छ जुन सबभन्दा समुन्नत सिद्धान्तबाट निर्देशित रहन्छ ।'*

***– लेनिन, सङ्कलित रचनाहरू, भाग ५, पृष्ठ ३७९-७०***

विश्व-जनताको मुक्तिसङ्घर्षको इतिहासमा यस्ता कैयौँ दृष्टान्तहरू छन् जसमा सबैभन्दा समुन्नत सिद्धान्तबाट निर्देशित सङ्गठनको अभावले गर्दा जनताका लागि सिद्धान्तको महत्व अझ बढेको छ । सिद्धान्त भनेको सर्वहारा वर्गको क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद-एकीकृत जनक्रान्तिको कार्यदिशा हो । व्यवहार भनेको ठोस क्रान्तिकारी व्यवहार, वर्गसङ्घर्ष, उत्पादनका निम्ति सङ्घर्ष र वैज्ञानिक प्रयोगबाट महत्वपूर्ण क्रान्तिकारी आन्दोलन हो । सिद्धान्तलाई व्यवहारसँग जोड्नुको अर्थ मालेमावाद र एकीकृत जनक्रान्तिको अडानमा दृष्टिकोण र विधिलाई प्रयोग र क्रान्ति निर्माणको प्रक्रियामा आइपर्ने व्यावहारिक समस्याहरूलाई अध्ययन तथा समाधान गर्नु हो। सिद्धान्त र व्यवहारलाई अलग गराइयो भने हामीले अन्धकारमा तीर हानेको जस्तो हुन्छ । नेपाल कम्युनिस्ट पार्टीको ऐतिहासिक अनुभवले के देखाउँछ भने सिद्धान्त र व्यवहारलाई जोडेर एकीकृत जनक्रान्तिको कार्यदिशाअनुसार अगाडि बढेर पार्टीले विकास गरेको छ र क्रान्तिकारी उद्देश्य सधैँ विजयी बन्दै आएको छ । त्यसकारण हामी भन्छौँ, नेपाली क्रान्तिको विजय भनेको मालेमावाद र एकीकृत जनक्रान्तिको सिद्धान्त नेपाली क्रान्तिको व्यवहारसँग भएको मेलको असाधारण विजय हो । पहिलो सिद्धान्त र व्यवहारलाई मिलाउने मालेमावादी र एकीकृत जनक्रान्तिको दृष्टिकोण नै हो । यो दृष्टिकोणका आधारमा हामीले परिस्थितिको व्यवस्थित र विस्तृत अध्ययन तथा अनुसन्धान गर्न र क्रान्तिकारी उत्साहलाई व्यावहारिकतासँग मिलाउन मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको सिद्धान्त, विधि र व्यवहार प्रयोग गर्छौँ ।

एउटा कम्युनिस्ट पार्टीका लागि पार्टीको सर्वहारा वर्गचरित्रको रक्षा गर्न आवश्यक पर्ने महत्वपूर्ण कुरा उसको सर्वहारा वर्गीय सिद्धान्त जागरणलाई शक्तिशाली गराउनु हो । हामीले के बुझ्नुपर्छ भने मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिमा राजनीतिक पार्टी निर्माण गर्ने कुरा हरेक पार्टी सदस्यको कार्यभार हुन आउँछ । पार्टी एउटा जीवित वस्तुजस्तै हो र यसका सदस्यहरू जीवित वस्तुका कोषहरूजस्तै हुन् । प्रत्येक पार्टी सदस्यहरूमा जति धेरै उत्साह हुन्छ त्यति नै उसले उदाहरणीय भूमिका पूरा गर्न सक्छ र त्यति नै राम्रोसँग पार्टीको सर्वहारावर्गीय चरित्रको रक्षा हुनेछ । सर्वहारावर्गीय पार्टी स्पिरिटलाई बलियो बनाउन, एउटा कम्युनिस्टले मार्क्सवादी अडान, दृष्टिकोण र विधिलाई मेहनत साथ अध्ययन गर्न र आत्मसाथ गर्न कोसिस गर्नुपर्छ । उसले सिद्धान्त र व्यवहारलाई जोड्ने र सही कार्यदिशालाई गलत कार्यदिशाबाट छुट्याउने र सच्चा मार्क्सवादलाई नक्कली मार्क्सवादबाट अलग गर्ने क्षमताको वृद्धि गर्न सक्नु पर्दछ । एकीकृत जनक्रान्तिको सिद्धान्तलाई दिमागमा राख्नु पर्दछ र उसले अरुको गलत कार्यदिशा र प्रकृतिहरूका विरुद्ध निर्मम सङ्घर्ष गर्न आँट पनि गर्नुपर्दछ । यसो गर्नका निमित्त उसले एकीकृत जनक्रान्तिको कार्यदिशालाई व्यवहारमा सक्रियतापूर्वक हामफाल्नुपर्छ । पार्टीको वैचारिक स्तरलाई भेटाउन आफ्नो विश्वदृष्टिकोण बदल्न अथक मेहनत गर्नुपर्छ र वैज्ञानिक समाजवादको दृढ योद्धा बन्न आफूलाई प्रशिक्षित गर्नुपर्छ । हामीले एकीकृत जनक्रान्तिको कार्यदिशालाई वैज्ञानिक समाजवादी दिशाका विरुद्ध खडा हुने र क्रान्तिलाई खतरा पैदा गर्ने गलत सिद्धान्त तथा व्यवहारहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्दछ। पार्टीको आधारभूत कार्यदिशा निरन्तर प्रयोग गर्न के आवश्यक छ भने सिद्धान्तले व्यवहारको नेतृत्व गरोस् । अर्को शब्दमा एकातिर पार्टीको आधारभूत कार्यदिशा र अर्कोतिर मूर्त काम र मूर्त उपायहरूका बीचको सम्बन्धलाई सही तरिकाले परिचालन गर्नुपर्छ । सिद्धान्तलाई व्यवहारसँग जोड्न जनतासँग घनिष्ट सम्बन्ध राख्नुपर्छ । हाम्रो व्यवहार जनतालाई एकताबद्ध गर्ने र दुस्मनलाई पराजित गर्ने हुनुपर्छ । नेपाल कम्युनिस्ट पार्टीका प्रत्येक सदस्यले वैज्ञानिक समाजवादी क्रान्ति र निर्माणको उद्देश्यमा अझ महत्वपूर्ण विजयहरू हासिल गर्नका निम्ति पार्टीको उत्कृष्ट व्यवहार र कार्यशैलीलाई समर्थन गर्नुपर्दछ र लागू गर्नुपर्दछ । कम्युनिस्ट पार्टीका सदस्यहरूले सिद्धान्तलाई व्यवहारमा लागू गरेर देखाउनुपर्छ ।

व्यवहारमा एकपक्षीय ढङ्गबाट बल दिनेहरू जसलाई हामी लट्ठक व्यवहारवादी भन्न सक्छौँ, सिद्धान्तप्रति एक प्रकारको शत्रुताको स्थिति अपनाउँछन् र आफ्नो व्यवहारिक क्रियाकलापलाई सिद्धान्तबाट मुक्त ठान्छन्। व्यावहारिक क्रियाकलापमा लाग्दा प्रत्येक एक न एक सैद्धान्तिक दृष्टिकोणबाट निर्देशित रहेको हुन्छ । त्यसरी नै सैद्धान्तिक कार्यमा लाग्दा प्रत्येक व्यक्तिले व्यावहारिक पक्षतर्फ, ठीक वा बेठीक ढङ्गले ध्यान दिएको हुन्छ र उक्त कार्यको व्यावहारिक उद्देश्य राम्रो होस् वा नराम्रो रहेको हुन्छ । यसरी उसको सैद्धान्तिक क्रियाकलापमा व्यवहार पक्ष रहेको हुन्छ । यसमा एकलाई अर्कोबाट छुट्याउन सकिँदैन । सिद्धान्त र व्यवहारबीचको सम्बन्ध स्वस्थ हुनुपर्छ । यी दुई पक्षहरू एक साथ रहन्छन्, अन्तरसम्बन्धित र अन्तरनिर्भर छन् र एकतामा बाँधिएर रहन्छन् । तर खास अवस्थामा व्यवहारले सिद्धान्तको स्थान र सिद्धान्तले व्यवहारको स्थान लिन्छन् अर्थात् सिद्धान्त प्रमुख पक्ष रहन्छ र त्यसको प्रमुख तथा निर्णयात्मक भूमिका निर्वाह गर्छ । मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको सिद्धान्त संसारलाई बुझ्न र बदल्नका लागि एउटा अपरिहार्य साधन हो । यस सिद्धान्तले संसारलाई बुझ्ने र बदल्ने काममा नभइनहुने सहायता साथै शोषण तथा थिचोमिचोका विरुद्ध मानव मुक्तिका लागि सफलतापूर्वक सङ्घर्ष गर्ने क्षमता प्रदान गर्छ । एउटा इतिहाससिद्ध साथ के रहेको छ भने जुन सङ्गठन क्रान्तिकारी सिद्धान्तलाई आफ्नो मार्गदर्शकका रूपमा अपनाउन र प्रयोग गर्न असमर्थ रहन्छ, जुन सङ्गठन व्यावहारिक आन्दोलनबाट अलग रहन्छ, त्यसले क्रान्तिकारी उथलपुथल ल्याउने महान् जनसङ्घर्षलाई पूर्ण विजयसम्म नेतृत्व कदापि गर्न सक्दैन । जीवनका सबै कुराहरूलाई राम्ररी र ठीक ढङ्गबाट बुझ्नका लागि जीवनलाई सारा जटिलता र सम्पूर्णतामा बुझ्नका लागि वैज्ञानिक सिद्धान्तको पनि खाँचो छ । जब सिद्धान्तले जनताको व्यावहारिक सङ्घर्षलाई र व्यवहारले सिद्धान्तलाई भेट्टाउँछ तब नेपालका श्रमजीवी जनताको मुक्तिले आफूलाई सिद्ध गर्न थाल्नेछन् । सिद्धान्त जतिसुकै क्रान्तिकारी, सही वा सुसङ्गत भए पनि आखिर त्यो जनताको व्यावहारिक सङ्घर्षबाट प्राप्त अनुभवको निचोड मात्र हो । सिद्धान्तको प्रयोग गर्ने सम्बन्धमा यान्त्रिक प्रयोग गर्नु भनेको बिल्कुल काँचोपन हो । विश्वका अन्य देशमा लागू गरिएका सिद्धान्तलाई हाम्रो देशमा यान्त्रिक ढङ्गबाट लागू गर्नु वा गर्न खोज्नु सरासर मूर्खता हो । आजको युगको सबभन्दा समुन्नत सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद पनि कुनै परिपूर्ण तथा अपरिवर्तित चीज होइनन् । यो एउटा गतिशील विज्ञान हो । सिद्धान्तले जनताको क्रान्तिकारी व्यवहारद्वारा मात्र आफूलाई सिद्ध गर्न सक्छ भने व्यवहारले सिद्धान्तको मद्दतबाट मात्र आफ्नो उद्देश्य प्राप्त गर्न सक्छ । महान् रुसी अक्टोबर क्रान्ति र चिनियाँ जनवादी क्रान्ति वास्तवमा क्रान्तिकारी सिद्धान्त र जनताको मुक्ति सङ्घर्षबीचको मेलका ज्वलन्त दृष्टान्त हुन् । सिद्धान्तले व्यवहारलाई भेट्टाउनु जति आवश्यक छ त्यत्तिकै व्यवहारले सिद्धान्तलाई भेट्टाउन पनि आवश्यक छ । क. माओले भन्नुभएको छ, 'क्रान्तिकारी सिद्धान्त तथा इतिहासको ज्ञान र व्यावहारिक आन्दोलनलाई गहिरो ज्ञान नहोउन्जेल कुनै राजनीतिक दलले पनि महान् क्रान्तिकारी आन्दोलनलाई विजयतर्फ लैजान सम्भव छैन ।' -माओ उद्धृत उक्तिहरू, पृ १०४ । क्रान्तिकारी पार्टीको निर्माणका सम्बन्धमा हामीले माओको उक्त भनाइलाई अर्थात् सिद्धान्त, इतिहास र व्यावहारिक आन्दोलनको गहिरो ज्ञानसँग सम्बन्धित कुरालाई राम्रोसँग पकड्न जरुरी छ । हामी जसलाई साँचो अर्थमा क्रान्तिकारी आन्दोलन भन्छौँ त्यो वास्तवमा जनसङ्घर्ष र क्रान्तिकारी सिद्धान्तको मेल हो । श्रमिक जनताको जनसङ्घर्ष मुटु हो भने क्रान्तिकारी सिद्धान्त त्यसको मस्तिष्क हो । सिद्धान्त तब मात्र सजीव र सानदार रूपमा देखापर्न थाल्छ जब यसलाई जीवनसित, सजीव व्यवहारसित सही ढङ्गले गाँसिन्छ । जब यसलाई व्यावहारिक सङ्घर्षका समस्याहरूको अध्ययन, विश्लेषण र समाधानमा उचित रूपले प्रयोग गरिन्छ र जब यसलाई जनताको व्यावहारिक क्रान्तिकारी क्रियाकलाप ठीक ढङ्गबाट प्रयोग गरिन्छ ।

सिद्धान्तको कुरा गर्न जति सजिलो र मीठो पनि हुन्छ तर यसलाई कार्यान्वयन गर्नु भने धेरै जटिल कुरा हो । कुनै पनि योजना सफल गर्न कार्यान्वयन पक्षको गतिले निर्धारण गर्छ । योजनालाई सार्थकता प्रदान गर्नाका निम्ति कार्यान्वयन पक्ष पहिलो सर्त बनेर आउँछ । हो, हाम्रो एकीकृत जनक्रान्तिमा पनि हाम्रो विजय भन्ने कुरा हाम्रो पार्टी पंक्ति तयारी र गतिले निर्धारण गर्ने कुरा हो । हाम्रो पार्टीले अगाडि सारेको दर्शन, राजनीति, आर्थिक र सांगठनिक कुराहरूलाई मूलतः हामीले कार्यान्वयनको सवालमा छिटो तयारी गर्न र वैज्ञानिक ढङ्गले गति प्रदान गर्न सक्नु पर्दछ । आज कम्युनिस्ट आन्दोलन किन पूर्ण रूपमा सफल हुन सकिरहेको छैन भने कार्यशैली र जीवन व्यवहारकै कारण नै हो । त्यसकारण क्रान्ति पूरा गर्नका निम्ति योजनाहरू तत्कालको समयमा मेल खाने हुनु पर्दछ ।

सिद्धान्त हाम्रो जीवनको अभिन अङ्ग पनि हो । सिद्धान्तबिना व्यवहार अधुरो हुन्छ भने सिद्धान्त र व्यवहारको उचित समायोजन गर्न नसक्दा सिद्धान्त लङ्गडो बन्न पुग्छ। त्यसैले सिद्धान्तलाई सधैँ मानिसको जीवनव्यवहारमै ल्याउने प्रयत्न गर्नु आवश्यक हुन्छ । मार्क्सवादी सिद्धान्त मानव मुक्ति र मानव स्वतन्त्रता प्रदान गर्ने सिद्धान्त हो । यसको विकसित रूप भनेको अहिलेको २१ औँ शताब्दीको अन्तरविरोधको हल गर्ने नेकपाको ८ औँ महाधिवेशनद्वारा पारित एकीकृत जनक्रान्तिको सिद्धान्त हो । यही एकीकृत जनक्रान्तिका मूलभूत सिद्धान्त नेपालको अहिलेको विकसित अन्तरविरोधको निकास दिने सिद्धान्त पनि हो । यो सिद्धान्त अक्षरशः पालाना गरेर नेपालमा एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनु आवश्यक छ । जीवन जिउने कलामा मानिसले जस्तो सिद्धान्त अँगालेको हुन्छ त्यसअनुरूप नै उसले व्यवहार गर्ने गर्दछ । तर आज हामी के देख्दैछौँ भने कतिपय कम्युनिस्ट पार्टीका सदस्यमा सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर देखिन्छ। सिद्धान्तका ठूलठूला कुरा गर्ने तर व्यवहारमा सिन्को पनि नभाँच्ने प्रवृत्ति देखिन्छ । अन्ततः तिनै मान्छे माथिमाथि, नेताको वरिपरि देखिन्छन् । त्यसले पार्टी र आन्दोलनलाई घाटा त हुन्छ नै सँगसँगै अन्य संसदवादी कम्युनिस्ट पार्टीभन्दा फरक पनि हुँदैन । सिद्धान्तलाई व्यवहारमा कार्यान्वन नगरीकन माथिमाथि कताबाट सफल भइन्छ भन्ने सोचाइ राख्नु राम्रो कुरा होइन । नेपालमा कम्युनिस्ट आन्दोलन असफल हुनुको मूल कारण नै सिद्धान्त र जीवन व्यवहार, पार्टी जीवनमा मेल नखानुकै कारण आजसम्म नेपाली जनताले धोका पाइरहेका छन् । आज कम्युनिस्ट भनाउँदाहरू सिद्धान्त कम्युनिस्टको बोकेर व्यवहारमा दलाल पुँजीपतिको पक्षपोषण गरेर नेपाली जनतालाई ठगिरहेका छन् । नेपाली जनताको कम्युनिस्ट सिद्धान्तप्रति एकदम मोह देखिन्छ तर नेपालका केही संसदीय व्यवस्था मान्ने कम्युनिस्ट भनाउँदाहरूले यो मतलाई दुरुपयोग गरिरहेका छन् र आज व्यावहारिक रूपमै कम्युनिस्टहरू भनेका गलत रहेछन् भन्ने सन्देश दिन खोजिरहेका छन् । यो भ्रम नेपाली जनताबाट नेपाल कम्युनिस्ट पार्टीले तोड्नु आवश्यक छ। कुनै पनि सिद्धान्त भनेको अग्रगमनको बाटो तथा तयारीको एउटा प्रारूप पनि हो। त्यसअनुरूप त्यसलाई पूर्णता प्रदान गर्नका निमित्त जनताको जीवनव्यवहारमा प्रमाणित गर्न हामी कम्युनिस्ट पार्टीका सदस्यहरू हाम्रो एकीकृत जनक्रान्तिको अभिभारा पूरा गर्नका लागि पनि निकै कठिन मेहनत, परिश्रम, अनुशासन जस्तोसुकै कठिन बाटोमा अगाडि बढ्ने आँटसहित व्यावहारिक रूपमै हामीले नेपाली जनताका लागि क्रान्ति पूरा गरेर देखाउनु आवश्यक छ। यो एकीकृत जनक्रान्ति अगाडि बढेपछि १२ जना कमरेडहरू सहिद भएका छन् ।

... बाँकी पृष्ठ ७ मा

# नेपालका राजनीतिक शक्तिकेन्द्रहरू

नेपाल नवऔपनिवेशिक र सिक्किमीकरणको भीरमा लड्दै रहेको मुलुक हो । ब्रिटिस शासित भारतले नेपाल कब्जा गर्न सार्वभौमसत्ता नष्ट गरी एक प्रान्त, नेपाल प्रान्त बनाउने दुर्नियत लिँदै ई. १९५० को भारत-नेपाल शान्ति तथा मैत्री सन्धि थोपरेको छ । यसका विरुद्ध नेपाली जनता र विशेषगरी देशभक्त शक्ति र कम्युनिस्ट पार्टीहरु (माओवादी शक्ति) सङ्घर्षरत छन् । दलाल पुँजीवादी नेपाली शासकहरुद्वारा नेपालको शोषण- उत्पीडन भइरहेको छ । राणा शासन, राजाशाही, संसदीय राजतन्त्र, लोकतान्त्रिक गणतन्त्रको स्थापना, पुनर्स्थापना गराउँदै भारतले नै हिन्दु राज्यको कूटनीति जारी राखेको छ । अर्थतन्त्र कब्जा गरेको छ । जलस्रोत-गण्डक, कोसी, महाकाली, कर्णाली, मेची नदी हडपेको छ । हिन्दु संस्कृतिले नेपाल भरिभराउ छ। श्रमशक्ति (लाहुरे) खरिद गरेको छ । जनसङ्ख्यीय आक्रमण तीव्र पारेको छ । सीमा क्षेत्रको ७१ ठाउँमा अतिक्रमण बढाएको छ । लिपुलेक-व्यास क्षेत्र कब्जा गरेर भारतीय सेना राखेको छ। भारतमै गाभेको छ । पिथौरागढ, लिपुलेक-मानसरोवर मार्ग बनाएको छ । एमसीसी कम्प्याक्ट विधेयकको ठेकदार भारत बन्दै गोरखपुर केन्द्र खडा गरेको छ। अमेरिकी भारतीय शक्तिको प्रमुख केन्द्र नेपालस्थित भारतीय राजदूतावास बनेको छ । ०७ सालको प्रतिक्रान्ति ०१७ को राजाको सैन्य कू, ०३७ सालको जनमतसङ्ग्रह, ०४७ को संविधान, आठदलीय १२ बुँदे सम्झौता आदि कोतपर्वहरूको नाइके भारत नै हो । यी कारणले नेपाली शासकीय शक्तिकेन्द्र भारतीय साम्राज्यवाद हो ।

नेपाल २१ खर्ब रुपैयाँको कर्जामा डुबेको छ । नेपाल असफल राष्ट्रोन्मुख छ । नेपाल र नेपाली जनतालाई कङ्गाल बनाइएको छ । नेपालमाथि राष्ट्रघाती-देशद्रोही सन्धिसम्झौताबाट भारतले शोषण-उत्पीडन-दमन गरिरहेको छ। संसदीय दलहरूको गुरु पनि भारत नै हो । भारतीय शासक नै संसदीय दलहरूको केन्द्र हो । भारत नै साम्राज्यवादी हस्तक्षेपको आदि कारण हो । यसका विरुद्ध राजा पृथ्वीनारायणको अगुवाइमा नेपाली जनता युद्धरत थिए । नेपाल-भारत शान्तिको शत्रु भारत नै हो । प्रमुख राजनीतिक शत्रु भारतीय शासक वर्ग नै हुन् । नेपाली जनता (देशभक्त शक्ति) र नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालमा भारतीय साम्राज्यवाद र नेपाली सामन्तवादको अपवित्र गठबन्धनले नेपालको शासक वर्ग बनेको हो । शासक वर्गविरुद्ध नेपाली जनता सङ्घर्षरत छन् । यस सङ्घर्षको अग्रपङ्क्तिमा नेपालको कम्युनिस्ट पार्टी लड्दै आएको हो । संसदीय कम्युनिस्ट दलहरू पनि भारतका दलालमा परिणत भएका छन् । मूलक्त नक्कली कम्युनिस्ट पार्टीहरू वा दलाल कम्युनिस्टहरू नेपालमा भारतले नै खोल्न, पनर्गठन गर्दछ र पालनपोषण गर्दछ । नेपाल कम्युनिस्ट पार्टीले फागुन १४-२१ सहिद सप्ताह मनाउँदै आएको छ । विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी दलाल पुँजीवाद-भारतीय साम्राज्यवादविरुद्ध जनमैदान लड्दै-जुध्दै आएको छ । एकीकृत जनक्रान्ति चलाएको छ । प्रगतिशील सरकार, जनमतसङ्ग्रह, समाजवादको कार्यदिशा र कार्यक्रम दिएको छ। एक दर्जन योद्धा एकीकृत जनक्रान्तिमा सहिद भइसेका छन् । अझै पनि जेलबाट भिडिरहेका छन् ।

नेपाल र नेपाली जनताको स्वाधीनता र मुक्ति आन्दोलन जनजीविका, जनतन्त्र र राष्ट्रियताको आन्दोलनको अगुवा, नेतृत्व केन्द्रको राजनीतिक शक्तिका रूपमा नेपाल कम्युनिस्ट पार्टी खडा छ । विस्तृत शान्ति सम्झौता र नेपालको संविधानमै भारतीय हस्तक्षेप र आक्रमण भएको छ । एनसेल, एमसीसीविरुद्धको आन्दोलनको अग्रपङ्क्तिमा पनि



**मुक्ति गैरे**

नेकपा नै खडा छ । नेपाल र नेपालीको मुक्ति आन्दोलनको आजको प्रमुख शक्तिकेन्द्र नै नेपाल कम्युनिस्ट पार्टी नै हो ।

मार्क्सवाद-लेनिनवाद-माओवादको वर्गदृष्टिकोणमा उत्पीडित जनगण र सर्वहारा एक हौँ भन्ने नारा उठाउँदै र एकीकृत जनक्रान्तिको नेतृत्व गर्दै नेपाल कम्युनिस्ट पार्टीले विद्रोह सुरु गरेको छ । एकीकृत जनक्रान्तिअन्तर्गत नेपाली जनतालाई संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादमध्ये एउटा रोज्न जनमतसङ्ग्रह गर्नुपर्ने चुनौती अन्य संसदीय पार्टी र सरकारलाई तेर्स्याएको छ । नेपाली जनताले कुन व्यवस्था रोज्नेछन् ? सार्वभौमसत्ता निहित जनतालाई फैसला गर्न उपयुक्त माध्यम जनमतसङ्ग्रह हो । नेकपाले माग गरेका दुई विकल्पमध्ये एक हो- जनताले संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादमध्ये जुन व्यवस्था रोज्नेछन्, त्यही व्यवस्था वा सत्ता चल्नेछ, खडा हुनेछ, अरु होइन । नेपाली जनताले दलाल पुँजीवादी व्यवस्था नभए वैज्ञानिक समाजवादी व्यवस्था रोज्ने ठानेर संसदवादी पार्टीहरु जनमतसङ्ग्रह गराउन तयार देखिएका छैनन् ।

हामीले माग गरेको जनमतसङ्ग्रह भनेको व्यवस्था रोज्ने विषय हो । मूर्खहरूले यस्तो व्यवस्था रोज्ने जनमतसङ्ग्रहलाई राजा वीरेन्द्रको २०३६ सालको निर्दलीय पञ्चायत कि बहुदलीय पञ्चायतजस्तो निच-भ्रम छेक्दा छन् । पूर्वराजावादीहरूले मागेको जनमतसङ्ग्रह संसदीय गणतन्त्र कि हिन्दु राजतन्त्रमध्ये एक हो । नेकपाले माग गरेको संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्थामध्ये एकको छनोट हो । नेकपाले संसदीय व्यवस्था र हिन्दु राजतन्त्र दुवैको भण्डाफोर र नष्ट गर्नेछ । जनमतसङ्ग्रहले सामन्तवाद-साम्राज्यवाद-दलाल पुँजीवादविरुद्ध वैज्ञानिक समाजवाद हो। दलाल, नोकरशाही पुँजीपति- सामन्त वर्गविरुद्ध वैज्ञानिक समाजवाद हो । नेपालको संविधानले 'समाजवादोन्मुख अर्थतन्त्र' को कुरा गरेको छ । संसदीय दलहरूले 'समाजवादमा पुग्ने' घोषणा गरेका छन् । यो दलाल पुँजीवादी समाजवाद वैज्ञानिक समाजवादविरुद्ध छ । संशोधनवादी समाजवादलाई दलाल पुँजीवादी समाजवाद भनिन्छ ।

नेपालका राजनीतिक पार्टीहरूको, नेपाली कम्युनिस्ट पार्टीहरूको इतिहासमा संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद रोज्न 'जनमतसङ्ग्रह गरौँ' भन्ने प्रस्ताव एकीकृत जनक्रान्तिले राखेको छ। नेपाल कम्युनिस्ट पार्टीको एकीकृत जनक्रान्तिको कार्यक्रम हो । भूमण्डलीय त्रिकोणीय साम्राज्यवादी होड एवम् चीन र भारत छिमेकीबीचको प्रतिस्पर्धा एवम् सञ्चार क्रान्तिको सैन्य होडमा वैज्ञानिक समाजवादका लागि नेपालमा 'जनमतसङ्ग्रह' द्वारा व्यवस्था सत्ता रोज्ने नेपालका राजनीतिक शक्तिकेन्द्र- पार्टीहरूबीच राखिएको छ । जनमतसङ्ग्रह वर्गसङ्घर्षकै एक रूप हो, क्रान्तिकै कर्म हो । नेपालका राजनीतिक शक्ति-पार्टी-केन्द्रबीच जनमतसङ्ग्रहको वर्गसङ्घर्ष कडा रूपमा उपस्थित छ- खडा भइसक्यो । हिम्मत साथ जनमतसङ्ग्रहमा जाऔं !

नेपाली समाज जटिल अन्तरविरोधमा फसेको छ । जटिल वर्गसङ्घर्षमा खडा छ तर नेपाली जनता र संसदीय व्यवस्थाबीच भिडन्त छ । अर्थात् नेपाली जनता र नेपाल राष्ट्रविरुद्ध भारतीय साम्राज्यवाद-नेपाली संसदीय व्यवस्थाबीच प्रमुख-केन्द्रीय शत्रुतापूर्ण अन्तरविरोध खडा छ। यो प्रमुख अन्तरविरोधको समाधानार्थ जनमतसङ्ग्रह एक मात्र उपयुक्त माध्यम हो । नेपाल राष्ट्र-नेपाली जनताका तर्फबाट नेपाल राष्ट्र-नेपाली जनताको राजनीतिक शक्ति-पार्टी-केन्द्र-नेतृत्व-नेपाल कम्युनिस्ट पार्टीले साम्राज्यवाद-सामन्तवाद, दलाल पुँजीवादको शत्रु केन्द्र-पार्टी- शक्ति संसदीय प्रणालीलाई जनमतसङ्ग्रहका चुनौती पेस गर्दै आएको छ।

संयुक्त प्रगतिशील सरकार खडा गरौँ, जनमतसङ्ग्रहको व्यवस्था गरौँ, संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादमध्ये एक रोज्न जनतालाई सर्वअधिकार दिऊँ, संसदीय व्यवस्थाका राजनीतिक शक्ति-केन्द्र पार्टी जनमतसङ्ग्रहको चुनौतीको सामना तयार रहून् । आआफ्ना राजनीतिक कार्यदिशा-कार्यक्रम पेस गरौँ । विदेशी अतिक्रमण- हिन्द-प्रशान्त सैन्य रणनीति एमसीसी सम्झौता विधेयकविरुद्ध उठौँ, नेपाललाई स्वाधीन- सार्वभौमसत्ता-अखण्डता सम्पन्न बनाऊँ ।

*(लेखक जनपत्रकार सङ्गठन नेपाल लुम्बिनी प्रदेश समितिका कोषाध्यक्ष हुन्)*

# बराबरी भविष्यको लडाइँमा महिलाहरू



खेम थपलिया

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०२१ को सन्दर्भमा प्रमुख नारा दिइएको थियो- 'नेतृत्वमा महिलाहरू : कोभिड १९ को विश्वमा बराबरी भविष्यको प्राप्ति ।' प्रस्तुत नारा मीठो पनि छ, महिलालाई विश्वमा बराबरी हैसियत प्राप्ति निकै महत्त्वपूर्ण कुरा पनि हो तर के यो कुरा समकालीन विश्व पुँजीवादी संसदीय राजनीतिक व्यवस्थाबाट सम्भव छ त ? यो अहम् महत्त्वको प्रश्न हो । पुँजीवादद्वारा मीठा-मीठा नारा दिएर नमीठा-नमीठा व्यवहार आम महिला जगत्ले भोग्दै आएका छन् । विभिन्न देशले प्रत्याभूत गरेका संवैधानिक अधिकारको समेत कार्यान्वयन हुन नसकिरहेको यतिबेला कोभिड १९ विरुद्धको लडाइँमा महिलालाई पुरुषको तुलनामा १० प्रतिशत मात्र कम सुविधा उपलब्ध गराइएको तथ्यले यो क्षेत्रको भयानक असमानतालाई झल्काउँदै र ! राष्ट्रसङ्घका महासचिवको प्रतिवेदनअनुसार विश्वका २२ देशमा महिलाहरू राष्ट्र तथा सरकार प्रमुख रहेका छन् । विश्वभरि संसदीय व्यवस्था रहेका देशहरूमा २५ प्रतिशतभन्दा कम महिला सांसद् रहेका छन् । यही दर कायम रहिरहे सांसद् लैङ्गिक समानताका लागि १३० वर्ष लाग्नेछ । यो कुरालाई संसदीय फाँटमा क्रियाशील महिलाहरूले विशेष मनन गर्न आवश्यक छ । लैङ्गिक समानताको अन्य कुरा त झन् कता हो कता !

नाम र नारा आ-आफ्नै दिए पनि सारतः न्याय, समानता र वैज्ञानिक राज्यप्रणालीका पक्षमा विश्वभर विभिन्न तवरबाट महिलाहरूले निरन्तर विद्रोह र प्रतिरोध गर्दै आएका छन् । मेक्सिकोमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको भोलिपल्ट मेक्सिकन महिलाहरूले अत्यावश्यक घरायसी कामसमेत बन्द गरिदिएका थिए । पारिवारिक तथा सामाजिक विभेदविरुद्धको यो विद्रोह विशेष अर्थपूर्ण रहेको छ । शेली लुन्डवर्गको सम्पादनमा महिला-पुरुष असमानतामा आधारित एउटा पुस्तक प्रकाशित भएको छ, 'विमेन इन इकोनोमिक्स ।' अमेरिका र युरोपमा क्रमशः १३ र २२ प्रतिशत महिला प्राध्यापक छन् । विश्वमा दुई दशकयता अर्थशास्त्र अध्ययनकर्ता महिला ३० प्रतिशत पनि छैनन् भने महिला लेखक झन् अत्यन्त न्युन छन् । यी एकाध विश्व तथ्याङ्कबाट नेपाली महिलाहरूको अवस्थाको सजिलै आँकलन गर्न सकिन्छ । आज विश्वभर समृद्धिको जति नारा दिए पनि खास समृद्धिमा समानता भएन भने त्यसले कुनै अर्थ हुँदैन । यसबाट स्पष्ट हुन्छ कि महिलाहरूले तमाम तगारा हटाउन निकै लामो र भीषण लडाइँ अनिवार्य छ ।

### विषय विस्तार

विश्वव्यापी रूपमा धेरै विश्लेषकहरूले महिलाका विषयमा बोलेका-लेखेका भए पनि यथार्थतः त्यसमा गम्भीरता कम रहेको पाइन्छ । पुँजीवादी आन्तरिक झडपले महिलाहरूले अनेक मार खेप्दै आउनुपरेको छ । वास्तविक अर्थमा महिलाहरू शान्ति चाहन्छन् तर परिस्थिति त्यस्तो छैन । क्लारा जेट्किनले पुँजीवादी देशहरूको आपसी झगडाका कारण भड्किएको प्रथम विश्वयुद्धताका सो युद्ध मजदुर तथा महिलावर्गका लागि हितकर नभएको र नितान्त पुँजीजीवीवर्गको स्वार्थको झगडा भएको बताएकी थिइन् । बोल्सेबिक पार्टीको नेतृत्वमा सम्पन्न सोभियत समाजवादी अक्टोबर क्रान्ति महिलामुक्तिको क्रान्ति पनि थियो । लेनिन महिलाहरूको समस्याबारे नियमित विमर्श गर्नुहुन्थ्यो । कम्युनिस्टहरूका लागि महिलाहरूको सामाजिक समानता सैद्धान्तिक तथा निर्विवाद कुरा हुन् । महिला विषयक विमर्शको सन्दर्भमा जेट्किनसित कुरा गर्दै लेनिनले भन्नुभएको थियो, "हामीले स्पष्ट तथा निश्चित सैद्धान्तिक आधारमा एउटा बलियो अन्तर्राष्ट्रिय महिला आन्दोलन अवश्य नै खडा गर्नुपर्दछ । स्पष्ट छ कि मार्क्सवादी सिद्धान्तबिना राम्रो व्यावहारिक काम हुन सक्दैन । यस विषयमा पनि हामी कम्युनिस्टहरूलाई बढीभन्दा बढी सैद्धान्तिक स्पष्टताको आवश्यकता छ । हामीले अरू सबै पार्टीहरूबाट आफूलाई पूर्णतया अलग गर्नुपर्छ । दुःखद् कुरा यो छ कि हाम्रो दोस्रो अन्तर्राष्ट्रिय काँग्रेसले महिलाहरूको प्रश्नमाथि गम्भीरता देखाउन सकेन । मामिला आयोगमै अड्कियो । आयोगले एउटा प्रस्ताव, थेसिस र एउटा ठोस लाइन तयार गर्नु छ । तर, अझसम्म त्यसको काम धेरै अगाडि बढेको छैन ।"

महिलाहरू के चाहन्छन् भन्ने विषयमा विभिन्न बहस भइरहेका छन् । जिब्रो नचपाई भन्ने हो भने खासमा महिलाहरू स्वतन्त्रता र कम्युनिजम चाहन्छन् । सर्वहारा महिलाहरू सानदार वर्गयोद्धा हुन् । महिला आन्दोलनमा सामाजिक संवेदना धेरै महत्त्वपूर्ण कुरा हो तर यसलाई पुँजीपतिवर्गले खिल्ली उडाइरहेको छ । हरेक समस्याले समाधानको माग गरिरहेको हुन्छ । क्रान्तिले पुराना सामाजिक सम्बन्ध भत्काउँदै जानेछ; स्त्री र पुरुषबिच नयाँ वैचारिक सम्बन्ध बन्दै जानेछन् । हामीले आलोचनात्मक विश्वदृष्टि अपनाएर पुँजीवादी समाजको अनैतिकता र झुटको भर्त्सना गर्नुपर्दछ । समाजका विचारधारात्मक ढाँचाका कुनै पनि महत्त्वपूर्ण अङ्ग तथा कुनै प्रमुख सामाजिक परिघटनाको मार्क्सवादी विश्लेषण पुँजीवादी व्यवस्था तथा त्यसका निजी सम्पत्तिको विश्लेषणमा पुग्न आवश्यक छ । महिलाको प्रश्नमा बहुआयामिक ज्ञानका साथ समग्र विषयमा स्पष्ट मार्क्सवादी समझदारीको आवश्यकता छ । हामीले मिहिनेतकस महिलाको चिन्तनलाई ख्याल गर्दै तमाम मिहिनेतकस महिलाहरूको ध्यान कम्युनिस्ट-सर्वहारा क्रान्तितिर लगाउनु आवश्यक छ । आजको कम्युनिस्ट सर्वहाराक्रान्ति भनेको एकीकृत जनक्रान्ति हो । महिलाहरूका विविधतापूर्ण सम्बन्ध, मिहिनेतकस महिलाहरूको जीवनमा त्यसको प्रभाव, बेरोजगारी, नगन्य वेतन, कर, सामाजिक एवम् सांस्कृतिक प्रतिष्ठाजस्ता गम्भीर प्रश्न छन् । खासमा कम्युनिस्ट सर्वहारा महिलाका राजनीतिक एवम् सामाजिक शिक्षण झुटमा आधारित छन् । हामीले ती झुटका पुलिन्दालाई च्यातचुत बनाइदिनुपर्दछ ।

इतिहासमा भएका दासताविरोधी, सामन्तवादविरोधी,साम्राज्यवाद र उपनिवेशवादविरोधी आन्दोलनलगायत सबैखाले न्यायपूर्ण र देशभक्तिपूर्ण आन्दोलनहरूमा क्रान्तिकारी महिलाहरूको योगदान उल्लेखनीय छ । वर्गसङ्घर्षका तमाम शृङ्खलासँग आफ्नो जीवनलाई जोडेका, क्रान्तिमा होमिएर आफूलाई इस्पात बनाएका क्रान्तिकारी महिलाहरूको नाम गौरवमय इतिहास बनेका छन् । निश्चय पनि यथास्थितिवादविरुद्ध उभिनु आफैँमा साहसिक कार्य हो । त्यसमाथि पनि सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक शोषणका विरुद्ध क्रान्तिको विगुल फुक्नु महान् कार्य हो । क्रान्तिकारी विचारद्वारा सिँचित महिलाहरूको झन् गौरवशाली इतिहास छ । हामीलाई नेतृत्वले सिकाउँदै आउनुभएको छ कि क्रान्तिकारी महिलाहरू साँचो अर्थमा कामदार महिलाहरूका मुक्तिदाता र आदर्श हुन् । आज पनि वर्गीय दृष्टिकोणलाई आत्मसात् गर्दै अघि बढेका महिलाहरूको साहसिक जीवनगाथालाई दलाल पुँजीवादी सत्ताले निरन्तर उपेक्षित गर्दै आएको छ । तरबारको धार र काँडैकाँडामा हिँड्ने महिलालाई सङ्केत गर्दै रोजाले भन्नुभएको थियो, "पुँजीवादी सरकारको मसानको खरानीमा मात्रै मजदुरवर्ग एक सरकारको रूपमा उभिन सक्छ या समाजवादको निर्माण हुन सक्दछ ।" क्रान्तिकारी नेतृ सुङचिङ लिङले भन्नुभएको थियो, "क्रान्तिकारीहरू बगरेको चुप्पीबाट डराउँदैनन् ।"

पितृप्रधान सत्ताको 'म्याउँ' को मुख्य अखडामा धावाका साथ हामीले पितृसत्तारूपी दुम्सीलाई ठेगान लगाउनुपर्दछ । आज भूमण्डलीकृत साम्राज्यवाद पित्तृसत्ताको घोडा चढेर विश्व सयर गर्दै विभिन्न नारा दिइरहेछ- 'म समानता पुस्ता : महिला अधिकार स्थापनाका लागि अग्रसर', 'महिलाको आँखाबाट हेरौँ', 'समानता घरबाटै सुरु गरौँ', ' महिलाको जित, सबैको जित', 'हामी सक्छौँ' आदि इत्यादि । यिनै नाराका भुलभुलैयामा पारेर उसले महिलालाई पुँजीवादी साम्राज्यवादी विशाल माल बजारको प्रवर्द्धनका निम्ति उपभोक्तामा अति लोभ, कृत्रिम आकर्षण उत्पन्न गराउने प्रपञ्च रचिरहेछ । यद्यपि, साम्राज्यवादीहरूको यो कुटिलता अस्थायी हुन् । सामन्तवादी युगभित्र सयौँ पुस्ताले महिला स्वतन्त्रताको नारा गुञ्जाउन नपाए पनि अन्ततः र क्रमशः नयाँ पुस्ताले धेरथोर आधारभूत स्वतन्त्रताको स्वर उराल्दै आएका छन् । आज पनि संसारभर महिलामाथि भएको अत्याचारका विरुद्ध आवाज गुञ्जँदैछ । यद्यपि यो सत्तासित जोडिएको वर्गीय सवाल हो । मार्क्सवादले मानव इतिहासको भौतिकवादी अध्ययनमार्फत महिला उत्पीडनको मुख्य उत्पत्तिको कारण निजी सम्पत्तिको उत्पत्ति र त्यसमाथि पुरुषको बर्चस्व भएको तथ्य अघि सारेको छ । करिब आठहजार वर्षदेखि महिलामाथिको शोषण, उत्पीडन जारी छ । हामी निजी सम्पत्ति नै महिलाको बराबरी भविष्यका लागि मुख्य बाधक हो भन्ने कुरामा कुनै दुविधामा पर्नुहुन्न ।

भनिन्छ, विषको बोटको जराभन्दा त्यसका विषफूल अत्यन्त घातक हुन्छन् । विष बोटको जरा नष्ट नगरी विष फुल्नेक्रम रोकिनेछैन । महिला उत्पीडन अन्त्य गर्ने कुरा पनि त्यही हो । हाम्रो सामाजिक सौन्दर्यदृष्टि नै भ्रमयुक्त रहेको छ । नयाँ वैज्ञानिक समाजवादी विश्वव्यवस्थाका लागि समाजवादी यथार्थवादी सौन्दर्यदृष्टि हुन आवश्यक छ । सन् १८४८ मा 'द सेनेका फल कन्भेन्सन' पछि विश्वमा महिला हक-अधिकारसम्बन्धी धेरै कुरा भएका छन् । मार्क्स-एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र जारी गर्दै भन्नुभएको थियो, "बुर्जुवाहरू आफ्ना श्रीमतीलाई उत्पादनको साधन ठान्छन्, जो पुरुषको इच्छाअनुसार चल्नुपर्छ । उत्पादनको साधनमाथिको अधिकतम शोषण र प्रयोगबाट नै नाफा कमाउन सकिन्छ भन्ने सोच राख्ने बुर्जुवाहरू महिलामाथिको शोषणलाई आफ्नो अधिकार मान्दछन् ।" खासमा सङ्गठित भएर मात्र विश्व बदल्न सकिन्छ । मार्क्सले भन्नुभएको थियो, "जुन कारखाना, कम्पनी, कार्यालय र बस्तीहरूमा ठूलो सङ्ख्यामा महिलाहरू कार्यरत छन्, त्यस्ता ठाउँमा महिलाहरू मात्र रहेको साङ्गठनिक संयन्त्र बनाई उनीहरूलाई सङ्गठित गर्नुपर्दछ । साथमा, सङ्गठनको मूल संरचनामा पनि उनीहरूका लागि उचित स्थानको सुनिश्चितता गरिनुपर्दछ ।" नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टी स्थापना गर्दै गर्दा पुष्पलालले उल्लेख गर्नुभएको 'राष्ट्रिय जीवनमा सबैको बराबरी हक' को कुरा पनि यहाँ विशेष स्मरणीय छ ।

आदिबासी महिलाले पाँच शताब्दी लामो औपनिवेशिकताका विरुद्ध लडेर प्राप्त गरेको उपलब्धिलाई बोलिभियन सरकारले संस्थागत गरिहँदा नेपाली महिलाहरूको वीरता, शौर्य र बलिदानलाई सत्ताधारीले निषेध गर्दैछ । आमूल परिवर्तनकारी आन्दोलनमा नेपाली महिलाको सक्रिय, रचनात्मक, बलिदानीपूर्ण भूमिका रहँदै आएको छ । ब्रिटिस औपनिवेशिक सेनासँग भएको नालापानी किल्लाको युद्धमा महिला तथा बालबालिका पनि ब्रिटिस सेनाको बारुद र बमविरुद्ध ढुङ्गामुडा लिएर युद्धमा होमिएका थिए । टर्कीकी हेले बोलेक र इब्रु तिम्तिक, बर्दियाकी कोइली देवी, छिन्ताङकी हाङ्

... बाँकी पृष्ठ ६ मा

# कम्युनिस्ट समाज निर्माणका समस्याहरू



अर्जुन क्षेत्री

नेपालमा मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनमा कम्युनिस्ट समाज निर्माणका समस्या देखिएका छन् किनभने कम्युनिस्ट भनेर मात्र हुँदैन कम्युनिस्ट समाज पनि चाहिन्छ । त्यो समाज निर्माण गर्ने कुराहरूमा कम्युनिस्ट पार्टी र नेतृत्वमा कम्युनिस्ट समाज निर्माण गर्न नसकेको कुरा देखिन्छ । हामी कम्युनिस्टहरू जबसम्म कम्युनिस्ट समाज निर्माण गर्ने कुरामा ध्यान पुऱ्याउँदैनौँ तबसम्म कम्युनिस्ट सत्ता र वैज्ञानिक समाजवादको निर्माण र रक्षा गर्न सक्दैनौँ किनभने पुँजीवादी समाजले साह्रा संसार आफ्नो नियन्त्रणमा लिएको समयमा अर्को समाज निर्माण गर्दा त्यसको चेतना वैज्ञानिक दृष्टिकोण निर्माण गर्ने कम्युनिस्टहरूले आफ्नो समाजको चेतना स्तर उठाउने योजना र नेतृत्व आवश्यक हुन्छ । यो बोली मात्र होइन, व्यवहारमा लागू गर्न आवश्यक हुन्छ । पुँजीवादी समाजले वर्ग विभाजन गरेर बसेको बेला त्यसलाई रूपान्तरण गरेर अर्को समाज निर्माण गर्ने कुरामा कम्युनिस्टहरू नै आफ्नो समाज निर्माण गर्न समस्यामा परेको हो वा समाज निर्माणमा ध्यान नदिएको हो ? यसका बारेमा आजका कम्युनिस्टहरूले छलफल गर्न आवश्यक छ । जबसम्म हाम्रो आफ्नो वैज्ञानिक समाज हुँदैन तबसम्म साम्यवाद होइन, जनवादी गणतन्त्रसम्म पनि पुग्न सक्दैनौँ । आफ्नो कम्युनिस्ट समाज निर्माण गर्ने कुरामा राजनीतिक रूपमा जुन तारिकाले अगाडि आए त्यही तरिकाबाट समाज निर्माणमा चुकेको देखिन्छ । यसको समाधान के हो, अहिलेसम्म किन समाज निर्माणमा नेतृत्वमा समस्या हो वा वर्गदृष्टिकोणमा भन्नेबारेमा नेपालका कम्युनिस्टहरूले समीक्षा गर्न आवश्यक छ । होइन भने कम्युनिस्ट समाज किन निर्माण भएन भन्ने हुन्छ । होइन भने राजनीतिबिनाको सिद्धान्त सिद्धान्तबिनाको राजनीतिक विज्ञान विरोधाभासपूर्ण हुन्छ । यसले कम्युनिस्ट संस्कृति निर्माण होइन, विघटनतिर लग्छ र लगेको इतिहास हामीसँग छ ।

कम्युनिस्ट समाजमा वर्ग विभाजन हुँदैन र समाज पनि विभाजन हुँदैन भने कुरा आजका कम्युनिस्टहरूले भन्न र बोल्न आवश्यक छ । कम्युनिस्ट समाज निर्माण नगर्ने वैज्ञानिक समाजवादको व्यख्या गर्ने हो भने पानीबिनाको माछा कस्तो हुन्छ, वैज्ञानिक समाजवादी व्यवस्था पनि त्यस्तै हुनसक्छ, भएको पनि छ । यसका बारेमा २१ औँ शताब्दीका कम्युनिस्टहरूको समाज निर्माण आज अपरिहार्य भएको छ । पुँजीवादी समाजको अन्त्य र कम्युनिस्ट समाज निर्माण गर्न हामी कम्युनिस्टहरू तयार भयौँ भने पुँजीवादी समाजले फेरि आफ्नो वर्चस्व जमाउन सक्छ । कम्युनिस्टको सत्ता कल्पनामा मात्रै सीमित हुनसक्छ । कम्युनिस्ट समाजमा वर्ग विभाजन हुन्छ कि हुँदैन ? समाज सामूहिक हुन्छ कि टुक्रे समाज के हुन्छ भन्ने कुरा कम्युनिस्टहरूले प्रस्ट गर्नुपर्छ । आफ्नो कम्युनिस्ट समाज, सांस्कृतिक जबसम्म निर्माण हुँदैन तबसम्म कम्युनिस्ट शासन टिकाउन गारो नै हुन्छ । विश्वका जनतालाई कुन समाज ठीक र बेठीक भन्ने कुरा नेपालबाट हामी कम्युनिस्टहरूले सोच्ने होइन भने समाज निर्माण गर्न गारो हुन सक्छ । मार्क्सले समाज बदल्ने हो भनेजस्तै आजका कम्युनिस्टहरूले बदलिएको समाजको कसरी रक्षा गर्ने भन्ने कुरा आजका कम्युनिस्टहरूले सोच्न आवश्यक छ । समाज परिवर्तन गर्न समाजमा गाँजिएको संस्कार, संस्कृतिलाई परिवर्तन गर्नुपर्छ । कम्युनिस्ट समाज भनेको सामूहिक उत्पादन र समानुपातिक वितरणसँग रमाउने संस्कृतिलाई कम्युनिस्ट समाज भन्छन् । यस्तो समाज निर्माण गर्न सबैभन्दा पहिला हामी र हाम्रो सामाजिक मूल्यमान्यता कस्तो बनाउने भन्ने कुरा कम्युनिस्टहरूले आफ्नो सामाजिक संरचनाका बारेमा आफ्नो व्यवहार देखाउन आवश्यक छ । आफ्नो सङ्गठनभित्र साङ्गठनिक संरचना, पार्टीको विचार र व्यवहारमा जनतालाई देखाउन आवश्यक हुन्छ । कम्युनिस्ट पार्टीका सदस्यहरूलाई कम्युनिस्ट विचार र आस्थावान् जनतालाई कम्युनिस्ट समाजका बारेमा पहिला स्पष्ट बनाउन आवश्यक छ । हाम्रोको कमजोरी पुँजीवादी समाजमा रमाउने अनि कम्युनिस्ट समाजको कल्पना नै नगर्ने कम्युनिस्ट नेतृत्व भएकै कारण कम्युनिस्ट समाज निर्माणमा समस्या आएको देखिन्छ । सबैभन्दा पहिला हामी कम्युनिस्ट हौँ भने समाज रूपान्तरणका बारेमा समाजभित्रको खास अन्तर के हो ? पुँजीवादी समाज र कम्युनिस्ट समाजमा के फरक छ भनेर आफ्नो जीवनव्यवहारमा कम्युनिस्टहरूले देखाउन सक्नुपर्छ । त्यसो गर्न नसक्दा नै समाज परिवर्तनमा समस्या आएको देखिन्छ । हाम्रो समाजको इतिहासलाई नहेरीकन अर्को समाज रूपान्तरणको कुरा गर्नु भनेको आदर्शवादी हुन्छ किनभने समाज निर्माण ईश्वर, अल्हाह, भागवान्ले गरिदिन्छ भन्ने सोचाइका पछि लाग्ने कम्युनिस्ट र कम्युनिस्ट नेतृत्व भएका कारण गर्दा आज समाज निर्माणमा समस्याहरू छन् । कम्युनिस्टहरू वैज्ञानिक समाजवादी समाज निर्माण गर्ने भन्ने अनि पर गएर गाईपूजा गर्ने, टाउको खौरेर किरिया बस्ने, सप्ताह-पुराण लगाउने कम्युनिस्टहरूलाई के भन्ने होला ? यस्तै नेतृत्वले गर्दा कम्युनिस्ट समाज निर्माणमा समस्या आएको देखिन्छ ।

मानव समाजको उत्पत्तिदेखि अहिले हामीहरूसम्म धेरै उतारचढावबाट आएको समाज हो । आदिम साम्यवादी समाज हुँदै पुँजीवादी समाजसम्मको इतिहासलाई राम्रोसँग अध्ययन गर्ने हो भने सम्भावना र चुनौतीहरू छन् तर यसको निकास, विकास कम्युनिस्ट समाजमा मात्र हुन्छ भन्ने कुरा आदिम साम्यवादी समाजदेखि अहिलेको पुँजीवादी समाजसम्म आउँदा कम्युनिस्ट समाज अथवा वैज्ञानिक समाजले मात्र सबैको न्याय, हित दिन्छ भन्ने कुरा प्रमाणित भएको छ । यो कुरा अहिलेको विश्वमा फैलिएको महामारी कोरोनाले देखाएको छ । जुन देशमा समाजवादी सत्ता छन् ती देशहरूमा खासै असर भएन । जुन देशमा पुँजीवादी सत्ता छ त्यो देशका नागरिकहरूले धेरै ठूलो क्षति बेहोर्नुपऱ्यो ।

हाम्रो समाजमा किन अन्तरविरोध छ ? यसका बारेमा केही कुरा प्रस्ट गर्न आवश्यक छ । हाम्रो मानव समाज जङ्गली युगदेखि अहिलेसम्मको समाजभित्रको मुख्य अन्तरविरोध केमा र के कारणले भएको हो भन्नेबारेमा आज वैज्ञानिकहरू र इतिहासकारहरूले खोजअनुसन्धान गर्दै आएका छन् । अझै पनि खोज गर्दैछन् । यसको मुख्य अन्तरविरोध किन र कसरी भयो त ? केही वैज्ञानिक तथ्य कुराहरू, कम्युनिस्ट समाज र पुँजीवादी समाज किन भयो त ? यसका बारेमा कम्युनिस्टहरूले भन्न आवश्यक छ । नेपालका कम्युनिस्टहरूले समाजको भित्री अन्तरविरोध पत्ता लगाउन र यसको निकास दिन आवश्यक छ । समाजमा मुख्य रूपमा गाँस, बास, कपास र निजी सम्पत्तिले गर्दा नै मानव समाजभित्र अन्तरविरोध भएको देखिन्छ । यसका बारेमा हाम्रो समाजभित्र जङ्गली युगमा सिकार र कन्दमूल खोज्दै जाँदा खाने कुराहरूमा धेरै र थोरै, पाइने, नपाइने, राम्रो, नराम्रो, तातो, चिसो, खाने, बस्ने, लागाउनेलगायत कुराहरूबाट मानव समाजभित्र अन्तरविरोध आएको देखिन्छ र त्यो आजसम्म पनि कायमै छ । तर त्यो युगको अन्तरविरोध र अहिलेको अन्तरविरोधका रूपहरू फरक छन् किनभने मानव समाजको चेतना र विज्ञानप्रविधिको विकासले गर्दा आज मानव समाजका अन्तरविरोधहरू पनि त्यही हिसाबले फरक खालका छन् । इतिहासलाई अध्ययन र समीक्षा गर्ने वर्तमानको विकसित समाजभित्रको अन्तरविरोधलाई केलाउने भविष्यमा सही तरिकाले वैज्ञानिक समाज निर्माण गर्ने कुराहरूमा आज नेपालका युवा कम्युनिस्टहरूले सोच्न आवश्यक भएको छ अनि मात्र हाम्रो मानव समाजभित्रको अन्तरविरोध किन र कसरी भयो ? अहिले पनि छ भन्ने कुरा हाम्रो नेपाली समाजलाई प्रस्ट पार्न आवश्यक छ । सन् १८४८ मा मार्क्सले समाजभित्रको अन्तरविरोधलाई हल गर्ने कुराहरूमा प्रस्ट पार्दै छोटकरीमा निजी सम्पत्तिको अन्त्य भन्दै कम्युनिस्ट घोषणापत्रमा लेख्नुभयो तर जुन कुरा मार्क्सले उठाउनुभयो त्यो लागू हुन नसकेको देखिन्छ किनकि पुँजीवादी समाज र दलाल पुँजीवादी समाजले वैज्ञानिक समाजलाई निषेध गर्न खोजेकै कारण ले गर्दा वैज्ञानिक समाज र पुँजीवादी समाजमा ठूलठूला अन्तरविरोधहरू छन् । ती अन्तरविरोधले गर्दा नै आज विश्वमा दुई प्रकारका अन्तरविरोध सतहमा आएको देखिन्छ । यसको मुख्य समस्या भनेकै निजी स्वामित्व र निजत्वको कारणले गर्दा नै मानव समाजमा ठूलाठूला सामाजिक अन्तरविरोध देखिन्छ । यी अन्तरविरोधहरू कसले र कसरी भए भन्नेबारेमा आज नेपालका कम्युनिस्टहरूले सही तरिकाबाट पत्ता लगाएर समस्या समाधान गर्न आवश्यक छ । क्रमशः

# महिला हिंसामा सांस्कृतिक–धार्मिक पक्ष

*हिन्दु धर्म र धार्मिक ग्रन्थहरुको माध्यमले नारी हिंसालाई पराकाष्टामा पुऱ्याइएको छ । सतीप्रथा त्यसको उत्कर्ष थियो । सतीप्रथा नारी हिंसा र उसको पूर्णतः निषेधको उत्कर्ष थियो । हिन्दु धर्मका तीन प्रमुख देवता (देवताका पनि देवता) मध्ये भगवान् ब्रह्माले आफ्नै सात वर्षीया पुत्रीको बलात्कार गरेका थिए जसको कारण ब्रह्माको पूजा-अर्चना गरिन्न । उनको मन्दिर बनाइन्न तर उनी देवता, जगत्का निर्माताका रुपमा पूजनीय छँदैछन् । जगत्का पालनकर्ता विष्णु त भेष बदलेर (मुकुन्डो लगाएर) परस्त्री भोग गर्थे । विपरीतहरुको अस्तित्व जगत्को नियम हो तर छल गरेर भोग गर्नु भनेको कलीयुगका उद्दण्डहरुले तेजाब प्रहार गर्नु, मट्टीतेल खन्याएर आगो लगाउनु, बलात्कार गर्नुसरह त हो ।*


अनिल शर्मा ‘विरही’

कुनै पनि समस्याको पृष्ठभागमा समाजको आर्थिक, सांस्कृतिक र ऐतिहासिक जरा वा विरासतको प्रभाव हुन्छ जसले मान्छेको चिन्तन धारा निर्माण गर्दछ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, तीज पर्व, जितिया पर्व तथा गम्भीर प्रकृतिका महिला उत्पीडनका घटनाको अवसर पारेर चल्ने गरेका छलफल तथा विमर्शमा महिला तथा नश्लीय हिंसाका ऐतिहासिक जराहरू पर्गेल्ने प्रयासहरू भने कमजोर छन् । यसमा वर्णीय स्वार्थ मूल कारक देखिन्छ ।

ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार शोषण र उत्पीडन नभएको ‘आदिम साम्यवादी युग’ को अस्तित्व थियो जुन युगमा नारीहरूको नेतृत्व थियो । त्यसका अवशेषहरू विभिन्न सांस्कृतिक पर्व र संस्कारमा अझैसम्म देख्न सकिन्छ । आदिवासी र पछौटे समुदायमा अझ बढी देख्न सकिन्छ । समाजशास्त्रको अनुसन्धानमा ठूलो योगदान गरेका फ्रेडरिक एङ्गेल्स, कार्ल हेनरिक मार्क्स, पौललामार्ग, राहुल सांकृत्यायनजस्ता चिन्तकहरूले त्यसका प्रामाणिक तथ्यहरू प्रस्तुत गरेका छन् । आदिम साम्यवादको पतनसँगसँगै महिला उत्पीडन र शोषण सुरु भएको मानिन्छ । हिन्दु धर्ममा आधारित पौराणिक कथाहरूअनुसार ऋषि याज्ञवल्क्य र गार्गीबीचको शास्त्रार्थअनुसार कोसीतटीय ऋषि याज्ञवल्क्य शास्त्रार्थमा पराजित भएपछि भौतिकवादी ऋषि गार्गीलाई ऋषि याज्ञवल्क्यले ‘सीमा ननाघ गार्गी, शिरोच्छेदन हुनुपर्ला’ भनेका थिए । त्यसरी पुरुषहरूले नारीको ज्ञान, क्षमता र तथ्य एवम् तर्कका आधारमा सत्य खोज्ने परम्परासमेतलाई बाहुबली परम्परामा पतन गराएका थिए । बि.सी.ई. चौथो शताब्दीमै पुरुषवादले गार्गीलाई टाउको काट्ने धम्की दिएको थियो । आज पनि युरोपदेखि अमेरिका हुँदै एसियाली समाजमा त्यही प्रवृत्ति यथावत् छ ।

हिन्दु धार्मिक कथाहरूका अनुसार दुर्वासा र कन्दली दुवै विद्वान् नर-नारी थिए । ऋषि दुर्वासा र ऋषिका कन्दलीका बीचमा शास्त्रार्थ भैरहन्थ्यो । एकपटकको शास्त्रार्थमा दुर्वासा कन्दलीसँगको बहसमा पराजित भए । विद्वतामा पराजित भएका दुर्वासाले कन्दलीको शरीरमा घिउ खन्याएर आगो लगाई हत्या गरेका थिए । आजको नेपाली समाजमा ‘एकतर्फी प्रेम’ का नाममा अथवा जिरहमा तेजाब छर्केर अङ्गभङ्ग पार्नु, दाइजोको निहुँमा मट्टीतेल खन्याएर हत्या गर्ने अपराधको नाभी याज्ञवल्क्यदेखि दुर्वासासम्म जोडिएको छ । भगवान रामले अनाहकमा दुईदुईपटकसम्म सीतालाई त्याग गर्नु, बनबासमा पठाउनु त्यही नारीमाथिको अत्याचार र अमानवीय व्यवहार थियो । त्यसप्रकारका अपराध र अत्याचारका विरुद्ध सङ्घर्ष गर्नुको सट्टा उत्पीडकलाई नै पुज्ने र आदर्शीकरण गर्ने संस्कृति र संस्कारले अपराधकर्मलाई नै आदर्शीकरण गरिरहेको छ ।

महाभारत कथाअनुसार हस्तिनापुर राज्यको हकदाबीलाई लिएर कौरव पक्ष र पाण्डव पक्षबीच महाभारत युद्ध अवश्यम्भाबी बन्दै गएको थियो । एकले अर्को पक्षमा फुटको बिउ रोप्ने षड्यन्त्र भैरहेको थियो । पाण्डवहरूले अलगअलग नारीसँग विवाह गरे भने पाण्डवहरूबीचमा अविश्वास, स्वार्थ सङ्घर्ष, फुट हुनसक्ने र त्यसको कारण युद्ध हार्नसक्ने ठानेर पाण्डवलाई द्रौपदीसँग सामूहिक विवाह गर्न बाध्य पारियो । पाँच पाण्डवकी माता कुन्तीको आदेशमा द्रौपदीलाई ‘यौनदासी’ बनाइयो । हस्तिनापुर राजगद्दीको स्वार्थमा द्रौपदीको सामूहिक विवाहदेखि चीरहरणसम्म गरियो । विदर्भ देशका राजकुमार रुक्म र गोपालवंशी द्वारिका देशका राजा कृष्णका बीचमा शत्रुता थियो । कृष्ण आफ्ना दुस्मन रुक्मकी बहिनी रुक्मिणीसँग विवाह गरेर रुक्मसँग ईख साध्न चाहन्थे । कसैकी छोरी, दिदी-बहिनीसँग विवाह गर्नुलाई पनि नारी पक्षकासँग ईख साध्ने वा कनिष्ठ मान्ने चिन्तन पौराणिककालमै झाङ्गिएको थियो । रुक्मिणीले कृष्णलाई आफूलाई भगाएर लग्न खबर पठाउँछिन् तर कृष्णको उनीसँग प्रेमभाव थिएन । कृष्ण रुक्मिणीसँग विवाह गरेर रुक्मसँग बदला लिन वा ईख साध्न चाहन्थे । त्यसैकारण रुक्मिणीलाई विदर्भ देशबाट द्वारिका देशसम्म अपहरण गरेर लगेका थिए । भगवान् कृष्णको पालादेखि सुरु भएको अपहरण गरेर लग्ने र श्रीमती बनाउने चलनको विकृत रूप नेपाली समाजमा अझै छ । राजा राजेन्द्रले पशुपति दर्शनार्थ आएकी मिथिलाकी बालबधुलाई जबर्जस्ती दरबार लगेर रानी बनाएका र उनैबाट जन्मेका राजकुमारलाई राजा बनाएका थिए । तामाङ, थारू तथा अन्य आदिवासीमा झैँ त्यसका अवशेषहरू छन् । त्यही अपहरणकारी कृष्णको उपासक नेपाली समाजमा उसै प्रकारको संस्कार पश्चिम नेपालका जिल्लामा कायम छ । २०७७ वैशाखमा पश्चिम रुकुममा भएको ‘नवराज हत्याकाण्ड’ अपहरण गर्ने र प्रतिशोध साध्ने सामन्ती विरासतकै बीभत्स घटना हो जसको जरो कृष्ण र रुक्मसम्म पुगेको देख्न सकिन्छ । हाम्रो संस्कृति र परम्पराको स्रोत तथा विरासत नै अपराधीकरण भएको छ । दया र नैतिकताका नमुना मानिएका रामले रावणलाई पराजित गरेपछि रावणपत्नी मन्दोदरीलाई सार्वजनिक रूपले नाङ्गो पारियो । नाङ्गो पारिएकी मन्दोदरीलाई लक्ष्मणले लात्ताले भकुरे । जनयुद्धकालमा घर धानेर बसेका महिलालाई शाहीसेनाले हत्या-बलात्कार गरेर प्रतिशोध साध्नु र रामलक्ष्मणले मन्दोदरीमाथि गरेको ज्यादतीमा अनौठो सामीप्य देखिन्छ । वर्तमान सत्तारूढ चेतनाले अपराधीहरूको आदर्शीकरण गरुन्जेल रुकुमकाण्ड मनोवृत्तिका स्वामी कृष्णको गोडा धोएर पानी खाने समाज र परम्परा रहेसम्म नयाँ चेतना स्थापित हुन गाह्रो छ । नारी पीडक धर्म, संस्कृति र चेतना हजारौँ वर्षदेखि जरो गाडेर समाजमा बसेको छ । त्यसरी नै प्रशिक्षित छ । दासयुगका दास-दासीहरू घोडाको गोडामा बाँधेर घिसारिन्थे । आजका नारीहरू मनुस्मृतिको खुट्टामा बाँधेर घिसारिन्छन् ।

राम र अयोध्याको बहस ‘इतिहास हो कि काव्य ?’ भन्ने बहसकै विषय छ । भारतका प्रगतिवादी साहित्यकार र इतिहासकारहरूले त्यसलाई ‘ काव्यात्मक महत्वको विषय’ भनेका छन् । हिन्दु धार्मिक आदर्श, मूल्य र नैतिक मापदण्डअनुसारको आदर्श राज्य र समाज निर्माणार्थ यो कथाको रचना गरिएको उनीहरूको निष्कर्ष छ । जे होस् रामकथाबाट हिन्दु समाज प्रभावित छ । उनै रामले सीतालाई एकपटक अग्निपरीक्षा दिन लगाए । अर्कोपटक बनबास पठाए तर आफूले कहिल्यै परीक्षा दिन आवश्यक ठानेनन् । ‘गाई नुहाए पनि चोखो, ननुहाए पनि चोखो’ भन्ने उखानझैँ पुरुष सधैँ नैतिक परीक्षाबाट मुक्त रहन्छ । रामजस्तै आत्मविश्वास नभएको र गैरजिम्मेवार मर्यादाको ढोँगी कथित ठूला मान्छे हाम्रो समाजको आदर्श छ । हाम्रो धार्मिक आदर्शको पर्खाल नै महिला उत्पीडनको मुहान रही आएको छ । सबै धर्म र धार्मिक आदर्शको मूल प्रवृत्ति एउटै ।

नारी जाति हृदय वा भावनालाई आधार बनाएर चल्छन् भने पुरुष जाति चेतना वा बुद्धिसंगत भएर चल्ने स्वभाव प्राकृतिक रूपमै विद्यमान भएका कारण नारीहरू पौराणिक कालदेखि नै ठगिँदै आएको ठान्छन् । कतिपय समाज विज्ञानले यो तर्कलाई स्वीकार गर्दैनन् । आदिम साम्यवादमा पुरुष जाति सिकार र गणको रक्षाबाहेक अरू खासै महत्वको थिएन । महिलाहरू बल, बुद्धि र गणको अस्तित्वको केन्द्रमा थिए । ऋषिहरू याज्ञवल्क्य, दुर्वासाभन्दा ऋषिकाहरू गार्गी, कन्दली धेरै बौद्धिक र भौतिकवादको निकट देखिन्छन् । महिलामा हुने भनेको भावनात्मक पक्षको प्रगाढता हजारौँ वर्षदेखिको सामन्ती-भौतिक वातावरण र साहित्यद्वारा निर्मित स्थिति हो । यो प्राकृतिक अस्तित्वको होइन । हृदय, भावना, तरलता, प्रकृति प्रेम, उद्वेलन खराब विषय हो त ? प्रश्न उठ्छ । चिलीका कवि पाब्लो नेरुदाले उद्वेलनको अवस्थालाई ‘व्यक्तित्वको अवस्था’ भनेका छन् । उद्वेलन पशुचेतबाट बाहिर निस्कने प्रक्रियाको स्तर पनि हो ।

हिन्दु धर्म र धार्मिक ग्रन्थहरूको माध्यमले नारी हिंसालाई पराकाष्टामा पुऱ्याइएको छ । सतीप्रथा त्यसको उत्कर्ष थियो । सतीप्रथा नारी हिंसा र उसको पूर्णतः निषेधको उत्कर्ष थियो । हिन्दु धर्मका तीन प्रमुख देवता (देवताका पनि देवता) मध्ये भगवान् ब्रह्माले आफ्नै सात वर्षीया पुत्रीको बलात्कार गरेका थिए जसको कारण ब्रह्माको पूजा-अर्चना गरिन्न । उनको मन्दिर बनाइन्न तर उनी देवता, जगत्का निर्माताका रूपमा पूजनीय छँदैछन् । जगत्का पालनकर्ता विष्णु त भेष बदलेर (मुकुन्डो लगाएर) परस्त्री भोग गर्थे । विपरीतहरूको अस्तित्व जगत्को नियम हो तर छल गरेर भोग गर्नु भनेको कलीयुगका उद्दण्डहरूले तेजाब प्रहार गर्नु, मट्टीतेल खन्याएर आगो लगाउनु, बलात्कार गर्नुसरह त हो । जब हाम्रा आदर्श नै बलात्कार छन् भने अनुयायीहरू बलात्कारउद्यत हुनु अनौठो कुरा हुँदैन । हिजोका बलात्कारी पुज्नेले आजका बलात्कारीको विरोध गर्नुको के अर्थ रहला ! हिन्दु धर्मका सबैभन्दा ठूला देवता महादेव हुन् । उनी लागूपदार्थका दुर्व्यसनी थिए । जसले ७० वर्षको उमेरमा ७ वर्षकी बालिकासँग विवाह गरे । छल-कपट, धम्की, त्रास, शक्तिको दुरुपयोग अनेक गरेर विवाह गरे । श्रीस्वस्थानी व्रतकथामा शिव शर्मा ब्राह्मण र गोमा ब्राह्मणीको कथाले शिवको नारीपीडक चरित्र देखाउँछ । भगवान् कृष्णले विदर्भ देशकी राजकुमारी रुक्मिणीलाई अपहरण गरेर विवाह गर्नु नैतिक हुन्छ भने राजा राजेन्द्र शाहले पशुपतिनाथ दर्शन गर्न मिथिलाबाट आएकी बाल-बिधुवा राजराजेश्वरी देवीलाई पक्रेर दरबार लगेर, कैद गरेर कालान्तरमा रानी बनाउनु कसरी अनैतिक हुन्छ ? त्यसकारण महिला हिंसा रोक्न पुरानो आदर्श र प्रशिक्षण प्रक्रियामा नै नयाँ जागरण आवश्यक छ । सामन्ती समाजको आदर्शले वर्तमानको अपेक्षित समाज निर्माण गर्दैन ।

मानवसभ्यताको प्रारम्भिक कालमा मान्छेले प्रकृतिका रहस्यहरूलाई बुझ्न नसकेको कारण कुनै अलौकिक शक्तिको कल्पना गऱ्यो होला । त्यो अलौकिक शक्ति आफ्नो गणसँग खुसी रहोस्, दुःख नदेओस् भन्ने कल्पना गऱ्यो । मीठा खाने कुरा, फलफूल र हतियार चढाउन थाल्यो । मृतक आफन्तहरू सपनामा देख्दा पनि त्यसै प्रकारको कल्पना गऱ्यो । उसका चरित्रहरू घरका भित्तामा सजाउन थाल्यो । त्यसरी मृतक अग्रज, सूर्य, चन्द्रमा, नदी, रूख, चुचुरो, ताल, सर्प आदिको पूजाआराधना गर्न थालियो । त्यसरी प्रकृतिपूजक समाजको निर्माण भयो । पछिल्लो चरणमा पण्डित, पुजारी, लामा, मुल्लाह, पादरी, राजारजौटाहरूले आफूलाई भगवान्का प्रतिनिधि र जीवित ईश्वर घोषणा गर्न थाले । त्यसलाई राज्यले भौतिक र साहित्यकलाले विचारधारात्मक मान्यता प्रदान गरे । त्यसपछि धर्म जनता लुट्ने सूदखोर, व्यापारी र शासन गर्ने उत्पीडनको औजार बन्यो । आफ्नो हितमा रहेका कारण सुरुमा भौतिकवादका पक्षमा देखिएको पुँजीवाद सामन्तवादसँग गठबन्धन गरेर धर्मभीरु बन्न गयो ।

आज धर्म आर्थिक शोषण र राजनीतिक स्वार्थको औजार बनेको छ । अमेरिकाको डोनाल्ड ट्रम्प र भारतको नरेन्द्र मोदीले क्रमशः बाइबल र गीता हातमा लिएर त्यही गरे । धर्म फरक उद्देश्य र कर्म एउटै थियो, छ । धर्मले एउटाले अर्कोका विरुद्ध ‘घृणाको राजनीति’ उत्पादन गरिरहेको छ । धर्म र धर्म राजनीति फरक विषय हुन् । आस्था र राजनीतिक स्वार्थ फरक-फरक विषय हुन् ।

बीसीई पाँचौँ शताब्दीमा नै एथेन्सका दार्शनिक प्लेटोले नारीलाई पनि नरसरह अस्त्र चलाउन, घोडचढी सिकाउन सिफारिस गरेका थिए । त्यसो भयो भने नारीहरूले पनि शत्रुको सामना गर्न, देश सेवा गर्न, युद्धमा भाग लिन सक्छन् भनेका थिए । तर सबै धर्म यसको विपक्षमा छन् । २०५२ सालपछि महिलाहरू जनमुक्ति सेनामा भर्ती भए । त्यसपछि नेपाली सेनामा महिला भर्ती खुल्यो । अहिले अमेरिकी सेनामा पनि महिला सेनाको भर्ती खोलिएको छ । महिला स्वतन्त्रताको दृष्टिले अमेरिकी समाज नेपालभन्दा पनि पछाडि देखियो । यसबाट भन्न सकिन्छ, वर्तमान विश्वव्यवस्था नै महिला स्वतन्त्रताका दृष्टिले अनुदार छ । महिला हिंसाको मुहान त्यही अनुदारता र सामन्ती धङधडीको वरपर छ । त्यसैले महिला हिंसाका विरुद्ध लड्दा त्यसको मुहान बन्द गर्ने विषय प्राथमिक विषय हो ।

## कविता

### म एउटा यात्री हुँ

**कल्पना चनरा**
**‘आस्था’**



हो, म एउटा यात्री हुँ
अँध्यारो साउनको रातमा उज्यालो
त्यो जूनलाई खोज्ने ।
मरुभूमिको बालुवामा पानीको
त्यो मुहान खोज्ने ।
अप्ठ्यारोमा फुलेको सुन्दर
त्यो फूललाई रोज्ने सहयात्री हुँ म ।
हो, म एउटा यात्री हुँ
निभेको खरानीमा आगोका
ती झिल्का जोगाउन खोज्ने ।
मर्न थालेको जनताको सपना
बचाउन खोज्ने ।
पुँजीवादको जाल फिँजिएको देशमा
क्रान्तिको बाटो रोज्ने सहयात्री हुँ म ।

हो, म एउटा यात्री हुँ
निराशाले छाएको कालो बादलभित्र
आशाका ती पलहरू खोज्ने ।
दलालको फन्दामा परेका ती
शोषितलाई बचाउन खोज्ने ।
भ्रष्टाचारको खेती भएको देशमा
न्यायको युद्ध रोज्ने सहयात्री हुँ म ।

## बराबरी भविष्यको ....

सिमा साइँली, जनयुद्धकी दिलमाया योञ्जनलगायत बलिदानको निकै लामो सूची छ । नेपाली जनयुद्धमा क्रान्तिकारी महिलाहरूले बलिदानको विशाल पीरामिड खडा गरेका छन् । संसार बदल्नुअघि आफैँ बदलिनुपर्छ । एकोहोरो उपदेशात्मक प्रलापले परिवर्तन असम्भव छ । क्रान्तिकारी महिलाको विचार निर्माण पनि आज महत्त्वपूर्ण कार्यसूची बनेको छ । आज महिलाहरूलाई आह्वान गर्दै विश्वभर ‘सडकमा निस्कने र नारा लगाउने कुरामा बानी पार्नुस्’ भन्ने जागरण फैलाउन थालिएको छ । सामाजिक उत्पादनमा भाग लिन थालेपछि महिलाहरूमा सामाजिक अधिकारको चेतना जाग्न थालेको हो । जुन वर्ग आर्थिक दृष्टिले पराधीन हुन्छ, ऊ राजनीतिक र सामाजिकरूपबाट पनि पराधीन रहन्छ । सम्पूर्ण शोषित उत्पीडितको मुक्ति आन्दोलनको सिलसिलामा नै महिला मुक्ति आन्दोलन अगाडि बढाएर शोषित उत्पीडित जनताको मुक्तिसँगै महिला मुक्ति पनि सम्भव हुनेछ ।

फ्रान्सेली काल्पनिक समाजवादी चार्ल्स फुरियेले सन् १८०८ मा समाजमा समानताका लागि महिला स्वतन्त्रतालाई कसीको रूपमा प्रयोग गर्दै भन्नुभएको थियो, ‘समाजमा स्वतन्त्रताको नापो महिला कति हदसम्म स्वतन्त्र छन् भन्ने हो । हजारौँ वर्षको मानसिक दासताविरुद्ध नलडीकन, पुरुष स्वामित्ववादी प्रवृत्तिविरुद्ध सघङ्र्ष नगरीकन महिला मुक्ति आन्दोलनले गति लिन सक्तैन ।’ टालटुल र लिपपोतबाट समानतामूलक आन्दोलनको आँधी असम्भव छ । सत्ताका किसिम किसिमका फासिस्ट प्रवृत्तिका विरुद्ध जुझारु लडाइँ लड्नुपर्दछ । विभिन्न धार्मिक र संस्कारले बाँधेको डोरी चुँडाउन आवश्यक छ । लैङ्गिक असमानता हुनुपछाडि धर्म, संस्कृति र परम्परा कारक बनेका छन् । उदाहरणार्थ, अतरिया ऋषिको छोरीबारेको अभिव्यक्ति हेरौँ, “पत्नी मित्र हो, छोरी दुःख हो, छोरा स्वर्ग जाने उच्च प्रकाश हो ।” क्रिस्चियनहरू भन्छन्, “संसारमा पुरुष एक्लो भएपछि उसकै करङको हाड झिकी त्यसैबाट स्त्री जातिको उत्पत्ति ईश्वरले गरेका थिए ।” सिख नानकको मत छ, “महिलाबाट पुरुषको जन्म हुन्छ, पुरुषको विवाह महिलासँग हुन्छ र मित्रता पनि हुन्छ । किन फेरि पुरुष महिलाको बदनामी गर्दछन् ? जब कि एउटी महिलाको गर्भबाट राजा-महाराजाको जन्म हुन्छ । महिलाबाट महिला पनि जन्मन्छन्, कसैको पनि अस्तित्व महिलाको अभावमा हुन सक्दैन ।” यसबाट स्पष्ट हुन्छ कि धार्मिक हामीले अन्धविश्वासको जालोलाई तोड्दै समतामूलक समाजको सिर्जना गर्नुपर्दछ ।

अमेरिकी महिलामाथिको उत्पीडनविरुद्धको चर्चित आन्दोलनकर्मी सोजुर्नर ट्रुथले सन् १८५१ मा अरकोन अहियोमा आयोजित महिला अधिवेशनमा भन्नुभएको थियो, “महिलाहरू आफ्ना सम्पूर्ण अधिकारहरू मानव अधिकारको रूपमा मागिरहेका छन् । उनीहरू महिला एउटा समूहको रूपमा र पुरुष अर्को समूहको रूपबिच विद्यमान समाजले गरेको असमान व्यवहारलाई चुनौती दिइरहेका छन् । महिलालाई दासीको रूपमा दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्ने सबै प्रकारका कानुन एवम् शक्ति संरचनाविरुद्ध विद्रोह गरिरहेका छन् । सबै महिलाहरू मिलेर यो विश्वलाई सुल्टाउन सकिन्छ !” महिला आन्दोलनका क्रममा धेरै विचारक आन्दोलनकारी जन्मिए र महिला अधिकारबारे बहस छेडिएका छन् । महिला-पुरुष समानताको मामिलाबारे टिप्पणी सुनिन्छ, ‘द अनह्यापी म्यारिज अफ मार्क्सिजम एन्ड फेमिनिजम ।’ केहीले त लैङ्गिक मामिलामा ‘मार्क्सवाद अन्धो छ अर्थात् मार्क्सिजम इज जेन्डर ब्लाइन्ड’ समेत भनेका छन् । यी टिप्पणी महिला समानताको कुरा गर्दै महिला असमानतालाई बढवा दिने नियतका साथ आएका हुन् । फेमिनिजिम र मार्क्सिजम नितान्त फरक कुरा हुन् । हामीले मार्क्सवादविरुद्धका सबै दुष्प्रचारका विरुद्ध लड्नुपर्दछ, तिनका गलत प्रवृत्तिका विरुद्ध कठोर र निर्मम सङ्घर्ष गर्नुपर्दछ ।

### उपसंहार

मार्क्सले महिलालाई पुरुषसरह नै ठानेका छन्, उहाँले ‘महिलालाई पुरुषको मातहत’ ठान्नुभएको छैन । उहाँले ‘परिवारको उन्मूलन’ को घोषणा गर्दै लोग्ने मालिकजस्ता स्वास्नी दासीजस्ती र लोग्ने बुर्जुवाजस्ता र स्वास्नी सर्वहाराजस्ती रहेको निष्कर्ष निकाल्नुभएको थियो । मार्क्सले घोषणा गर्नुभएको थियो, “महान् परिवर्तनहरू महिलाहरूको संलग्नताबिना असम्भव छ ।” एङ्गेल्सले ‘परिवार निजी सम्पत्ति र राज्यको उत्पत्ति’ नामक ग्रन्थ नै लेखी महिला पुरुष समानता तथा महिला उत्पीडनविरुद्ध ऐतिहासिक घोषणा गर्नुभएको थियो, “आधुनिक व्यक्तिगत परिवारको विकाससँगै घरभित्रको व्यवस्थाले सामाजिक चरित्र गुमायो । यो निजी सेवा हुन गयो र श्रीमती पहिलो घरेलु नोकर भइन् र सामाजिक उत्पादनको कामबाट गलहत्याइन् ।” उहाँले ७ हजार वर्षदेखिको समाजको विकासक्रमको व्याख्या गर्नुभयो र कसरी प्राचीनकालमा युद्धरत पक्षले महिलालाई वस्तुसरह दुरुपयोग गरे भन्ने चर्चा गर्नुभयो, “मूल्यवान वस्तु, जमिन र सन्धिसँग महिला साट्ने, बिक्री गर्ने वा दुईतिरको महिला साटासाट गरियो । युद्ध सरदारबिचको गठबन्धन बलियो पार्न बिहेलाई माध्यम बनाइयो । शासकवर्गको लोग्नेले आफ्नी श्रीमतीलाई अरू दासीसरह पाल्यो र जीवनपर्यन्त उनको शरीरमाथि कब्जा जमायो ।”

लन्डनमा आइतबारका दिन भेला भएर कार्यक्रम गर्न निषेध थियो । मार्क्सपुत्री एलियानोरले सन्डे इभिनिङको आयोजना र प्रचार गर्नुभयो । उहाँकै प्रचारका आधारमा दुईहजारजति मान्छे जम्मा भए । तिनै दुईहजार मान्छेका बिचमा चौध वर्षिया एलियानोरले साङ्गीतिक प्रस्तुति दिनुभयो । सोही आइतबारे कार्यक्रमबारे मार्क्सले टिप्पणी गर्नुभयो, “सबै कुरा निषेधित थियो, चौध वर्षकी छोरीले कार्यक्रम गरी, एउटा मान्छे पनि पक्राउ परेन । यसबाट सिक्ने कुरा के ? इफ यु वान्ट टु डु समथिङ इलिगल, डु विथ टु थाउजेन्ड पिपल अर्थात् कुनै अवैधानिक काम गर्नु छ भने दुईहजार मान्छे बटुलेर त्यस्तो काम गर ।” यसर्थ, हाम्रा काम-कारबाही उद्देश्यमूलक र गन्तव्यमूलक हुनैपर्दछ । हाम्रा काम-कारबाहीहरू देखाउनका लागि होइन, बदल्नका लागि हुनुपर्दछ । रुखका पातहरू त फेरिँदै जान्छन् भने मरणासन्न पुँजीवादी व्यवस्था र तिनका तमाम रुढी नफेरिने कुरै छैन । समाज विकासको ऐतिहासिक प्रक्रियाले पनि हामीलाई यही कुरा सिकाएको छ । हामीसँग त्यसका लागि दृढ सङ्कल्पको आवश्यकता छ । यथार्थतः क्रान्तिकारी आचरणबिना समाजवादको कल्पना पनि गर्न सकिन्न । यसर्थ, सबैले आ-आफ्नो समाजवादी आचरण निर्माण गरौँ । वैज्ञानिक समाजवादी राज्यप्रणालीका साथ महिलाहरूको समान अधिकार र बराबरी भविष्य सुनिश्चित गरौँ ।

## महासचिव विप्लवद्वारा ....

घरमा निधन भएको हो ।

महासचिव विप्लवले शोक वक्तव्य जारी गरी साहस र वीरताको उदाहरण बन्नुभएकी प्याउकला विकको निधनले पार्टीलाई दुःखी बनाएको बताएका छन् । साहसी योद्धा प्याउकलाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै महासचिव विप्लवले शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन् ।

पार्टीका तर्फबाट महासचिव विप्लवद्वारा जारी वक्तव्यमा भनिएको छ, 'साहस र वीरताको उदाहरण बन्नुभएकी प्याउकला विक क्रान्तिकारीहरूका निम्ति प्रेरणाकी स्रोत हुनुहुन्छ ।'

## विकल्प हत्याकाण्डको ....

सरकारसँग जोडदार माग गरेका छन् । प्रकाण्डले विकल्पप्रति सिङ्गो पार्टीका तर्फबाट भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै षड्यन्त्रमूलक हत्याबाट शोकमग्न परिवारजन र आफन्तहरूप्रति गहिरो समवेदना प्रकट गरेका छन् ।

उनले पार्टी, जनक्रान्ति र नेपाली जनताका विरुद्ध आपराधिक दलालहरूले घटाउने घटना र गर्ने षड्यन्त्रविरुद्ध सचेत रहेर पार्टी काम र जनताको सेवामा अझ बढी घनीभूत रूपमा लाग्न सिङ्गो पार्टीपङ्क्तिलाई विशेष निर्देशनसमेत दिएका छन् ।

उनले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टीका बैतडी जिल्ला सुर्नयाँ गाउँ समिति सदस्य क. विकल्प (डम्बर अवस्थी) सुर्नयाँ गाउँपालिका वडा नं. ६ खर्कधार निवासी सिद्धनाथ आधारभूत विद्यालय ध्वजहाल्नाका अस्थायी शिक्षक हरीश अवस्थीले गत मंसिर १४ गते बेलुकी ७:१५ बजे आफ्नो घरमा बोलाएर लगेको मितिदेखि बेपत्ता अवस्थामा हुनुहुन्थ्यो । फरार शिक्षक हरीश अवस्थीलाई प्रहरीले पुस २३ गते बाँके जिल्लाबाट नियन्त्रणमा लिएर बैतडी जिल्ला प्रहरी कार्यालयमा अनुसन्धान गर्दा उनले क. विकल्पको हत्या गरी आफ्नै बारीको ओडारमा गाडेको खुल्न आउँदा प्रहरीले पुस २८ गते बेलुकी ६ बजे क. विकल्पको लास भेटाउन पुग्यो । आफ्नो घरबाट क. विकल्पलाई मङ्सिर १४ गते बेलुकी बोलाएर हत्या गरी गाडेको लास पुस २८ गते मात्र पत्ता लागेको घटनाले हाम्रो पार्टीलाई मर्माहत र आक्रोशित बनाएको छ । क. विकल्पको हत्याकाण्डको पार्टी घोर निन्दा एवम् भर्त्सना गर्दछ । सर्वप्रथम क. विकल्पप्रति पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । उहाँको षड्यन्त्रमूलक हत्याबाट शोकमग्न परिवारजन र आफन्तहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'वर्तमान अवस्थामा हाम्रो पार्टी एकीकृत जनक्रान्तिको शान्तिपूर्ण राजनीतिक मोर्चामा छ । पार्टी, नेतृत्व, कार्यकर्ता र जनताका विरुद्ध विदेशी साम्राज्यवादी र देशी दलाल पुँजीवादीहरूबाट हुने षड्यन्त्र र हत्या पार्टीलाई कुनै पनि हालतमा सैह्य हुनेछैन । यो घटना शान्तिपूर्ण राजनीतिक अवस्थालाई बिथोल्ने राष्ट्रघाती र जनघाती तत्वहरूले घटाएको बीभत्स हत्या भएको प्रमाणित हुन आउँछ । यसर्थ हत्यारालाई कडा कारबाही गर्न र पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्न नेपाल सरकारसँग पार्टी जोडदार माग गर्दछ । हाम्रो पार्टी जनक्रान्ति र नेपाली जनताका विरुद्ध आपराधिक दलालहरूले घटाउने घटना र गर्ने षड्यन्त्रविरुद्ध सचेत रहेर पार्टी काम र जनताको सेवामा अझ बढी घनीभूत रूपमा लाग्न सिङ्गो पार्टीपङ्क्तिलाई विशेष निर्देशन पनि गर्दछ ।'

## नेकपाद्वारा भूमाफियाको ....

शैलीमा किसानलाई धम्क्याउने काम गरेको र पीडित किसानले कहीँकतैबाट न्याय नपाएपछि नेकपा ललितपुरमा निवेदन पेस गरेका थिए । पीडितले दिएको निवेदनमाथि अध्ययिनअनुसन्धान गरेपछि भूमाफियाको उक्त जग्गा ब्यानर र झन्डा गाडेर कब्जा गरिएको नेकपा ललितपुरले जनाएको छ ।

## नेकपासँगको ....

पनि निर्वाचनहरूले नेपालको समस्या समाधान गर्नेभन्दा समस्या थप्ने र मुलुकलाई अझ सङ्कट थोपर्ने काम गर्दै आएका छन् । नेपालमा विद्यमान दलाल पुँजीवादी व्यवस्थाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, कूटनीतिक कुनै पनि क्षेत्रमा उत्पन्न सङ्कट समाधान गर्न सकेको छैन । शान्ति, स्थिरता, विकास र समृद्धिको ढोल पिट्दै दुईतिहाइ मत माग्दै जनताको घरदैलोमा पुगेका संसद्वादी दलहरूलाई जनताले मतदान पनि गरेर हेरे तर सुख र समृद्धि ती दलका नेता र तिनका हुक्केबैठकेभन्दा अरूका लागि सम्भव भएन । दलाल पुँजीवादी व्यवस्थामा त्यो कहिल्यै सम्भव हुँदा पनि हुँदैन ।

मुलुकमा समाजवादोन्मुख भनिएको संविधान रहेको यही संसदीय व्यवस्थामा युवा बेरोजगारी, पलायन, औद्योगिक सङ्कट, महँगी, आर्थिक-सांस्कृतिक अराजकता, भ्रष्टाचार, लूटखसोट कहालीलाग्दो गरी बढेको छ । भारतीय साम्राज्यवादले फेरि नेपालका लिपुलेक र लिम्पियाधुरामा हस्तक्षेप र अतिक्रमण गर्दै सडक विस्तार गर्ने निर्णय गरेको छ । सरकार न नेपालको राष्ट्रियताप्रति गम्भीर छ, न त नेपालीको जनतन्त्र र जनजीविकाप्रति नै । यस्तो अस्तव्यस्त अवस्थामा संसद्वादी पार्टीहरू फेरि पार्टी र व्यक्तिको चुनाव गराउने षड्यन्त्र गरेर जनतालाई आक्रोशित बनाइरहेका छन् । दलाल संसद्वादीहरूले बेलैमा के बुझ्दा हुन्छ भने देशको एउटा जिम्मेवार विद्रोही शक्तिसँग भएको सहमतिलाई बेवास्ता गरेर गरिने दल र व्यक्तिको चुनाव सम्भव छैन । नेपाली जनताले अब यसलाई जरैदेखि खारेज गरिदिनेछन् र त्यसको नेतृत्व विगतमा झैँ अझ शक्तिशाली ढङ्गले नेकपाले गर्नेछ ।

एकीकृत जनक्रान्ति जारी राखेको नेकपाले विद्यमान सत्ता सङ्कट अन्त्य गर्न दलाल पुँजीवाद कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमतसङ्ग्रह गराउनुपर्ने प्रस्ताव अघि सारेको छ । संसद्वादी दलहरूलाई यो व्यवस्थामा गम्भीर सङ्कट छ र जनताको भरपर्दो विकल्प खोजेका छन् भन्ने थाहा छ । त्यसैले उनीहरू जनताले यो दलाल पुँजीवादलाई फ्याँकेर वैज्ञानिक समाजवाद रोज्छन् भन्ने भयकै कारण जनमतसङ्ग्रह गराउने विषयमा छलफलसम्म गराउने हिम्मत गरिरहेका छैनन् । संविधानसभाको चुनावसम्म गर्न नचाहने राजतन्त्र र राजतन्त्रवादीहरूको हविगत के भयो भन्ने संसद्वादीहरूले यति छिट्टै बिर्सनु विडम्बनाको विषय हो ।

नेपालीमा एउटा उखान छ- कोहीलाई के धन्धा, कोहीलाई भने खानकै धन्धा ! देशको सार्वभौमिकतामाथि भारतीय साम्राज्यवादले निर्लज्ज हस्तक्षेप गरिरहेको छ । कालापानीबाट भारतीय सेना हट्नु त परै जाओस्, लिपुलेक, लिम्पियाधुरा क्षेत्रमा यसअघि निर्माण गरेको सडक विस्तार गर्ने भारतीय निर्णयको प्रतिवादसम्म गर्न नसक्ने लाचार सरकार र संसद्वादी दलहरूलाई फेरि चुनाव गराएर अकूत भ्रष्टाचारको आहालमा डुबुल्की मार्ने धोको छ । त्यसैले उनीहरूले राष्ट्रघात, जनघात, जनतन्त्रमाथि निरङ्कुशता, भ्रष्टाचार, महँगी र लूटलाई जारी राख्दै र अझ प्रोत्साहन दिँदै आगामी वैशाखमा स्थानीय तहको चुनाव गराउने ऐलान गरेका छन् । संसद्वादी दलहरूले नेकपासँगको सहमति कार्यान्वयन नगरी गराउन खोजेको चुनावको अर्थ र महत्व ज्ञानेन्द्र शाहले गराएको चुनावभन्दा फरक हुने देखिँदैन । केही वर्षअघि केके न गर्छौं भन्दै संसद्वादी दलहरूले कथित स्थानीय, प्रदेश र सङ्घको चुनाव गराएका थिए । केपी वलीले त सुखी नेपाली समृद्ध नेपालको हावादारी नारा नै बाँडेका थिए चुनाव प्रभावित पार्न तर दलाल पुँजीवादी शासकलाई न नेपाललाई समृद्ध पार्नु थियो, न त नेपालीलाई सुखी । यती, ओम्नी, वाइडबडी, बालुवाटार जग्गाकाण्डलगायत दर्जनौँ काण्डैकाण्डको निरन्तरतामा बतास समूहहरूले सरकार चलाइरहेको रहस्य भर्खरै उद्घाटन भएको छ । मुलुकमा कोरोना सङ्क्रमणको तेस्रो लहर बढेको छ । नेकपाले नेपालको सार्वभौमसत्तमाथिको साम्राज्यवादी हस्तक्षेप र अतिक्रमणको सख्त विरोध गर्दै सरकारलाई कूटनीतिक पहलबाट साम्राज्यवादलाई पछि हटाउन आह्वान पनि गरेको छ । साम्राज्यवाद सितिमिति विरोध र चेतावनीले टर्नेवाला देखिँदैन किनकि नेपालका शासकहरू यतिबेला अत्यन्त कमजोर छन् र यिनीहरूलाई जस्तोसुकै अवस्था लाद्न सकिन्छ भन्ने उनीहरूलाई परिरहेको छ । दलाल शासकहरू आफ्नो भविष्य जोगाउन दलाल संसदीय व्यवस्थाका विभिन्न निकायका कथित चुनावको तयारी र घोषणा गरिरहेका छन् । उनीहरूलाई ती चुनावका माध्यमबाट आफ्नो गुम्न लागेको सत्ता जोगाउने र साम्राज्यवादको असली नोकर बनेर अझ केही समय तिनका स्वार्थहरू परिपूर्ति गर्ने ध्याउन्न छ । उनीहरू सबैतिर आफ्ना असली उत्तराधिकारीहरू जन्माउने षड्यन्त्र गरिरहेका छन् । नेपाली जनताले विगतमा झैँ क्रान्तिकारी शक्तिको बलमा उनीहरूका चुनावी नौटङ्की र यसप्रकारका षड्यन्त्रलाई परास्त गर्दै तिनका सपनालाई दिवासपना बनाइदिनेछन् ।

## काठमाडौं मेडिकल कलेज ....

पोतिएका शर्मा मन्त्रालयमा नै मुख धोई गाडी चढेर सिंहदरबारबाट बाहिरिएका थिए । कालोमोसो दल्ने पाँचजना विद्यार्थीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । विद्यार्थीले आयोगले तोकेको भन्दा बढी शुल्क लिएको भन्दै कलेजका विरुद्ध आन्दोलन गर्दै आएका छन् ।

गत शुक्रबार मन्त्रालयमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको उपस्थितिमा भएको बैठकले चिकित्सा शिक्षा आयोगले तोकेकोभन्दा बढी शुल्क लिन नपाउने निर्णय गरेको थियो । बैठकले विद्यार्थीको छात्रावाससम्बन्धी समस्यालाई शिक्षण संस्था, अभिभावक एवम् विद्यार्थीबीच आपसी छलफल गरी सहमतिमा निरूपण गर्ने र यसका लागि विश्वविद्यालयले सहजीकरण गर्ने निर्णय गरेको बताइएको छ ।

यस्तै एमबीबीएससमेतका कार्यक्रमका लागि शुल्क निर्धारण गर्ने क्रममा कुल शुल्कअन्तर्गत विश्वविद्यालय, विषयगत काउन्सिल र शिक्षण संस्थालाई बुझाउनुपर्ने शीर्षकगत रकमसमेत निर्धारण गर्ने कार्यमा आयोगले तत्काल कार्यारम्भ गर्ने निर्णय पनि बैठकले गरेको छ ।

बैठकले चिकित्सा शिक्षा ऐन कार्यान्वयनमा देखिएक असहजता निरूपणका लागि विज्ञ, सम्बन्धित निकाय र सरकारवाला पक्षसँग छलफल र परामर्श गरी संशोधनका सम्बन्धमा आयोगले सरकारलाई राय-परामर्श उपलब्ध गराउने भएको छ । त्यस्तै चिकित्सा शिक्षाको विभिन्न शैक्षिक कार्यक्रमहरूमा सिट रिक्त रहने विषयलाई ध्यानमा राखी एकीकृत प्रवेश परीक्षाप्रणालीमा आवश्यक संशोधन प्रक्रिया अघि बढाउने निर्णय पनि बैठकले गरेको मन्त्रालय स्रोतले जनाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल, चिकित्सा शिक्षा आयोगका पदाधिकारी, मेडिकल कलेज सञ्चालक, विद्यार्थीसहित भएको बैठकमा भएका निर्णयप्रति मेडिकल सञ्चालक शर्मालगायत सहभागीहरूले भने 'नोट अफ डिसेन्ट' अर्थात् फरक मत लेखेका थिए ।

## दलाल शासकले संचार ....

केन्द्रीय सचिव अशोक सुवेदीले मुख्य प्रशिक्षकका रूपमा समग्र सञ्चार, पत्रकारिता र जनपक्षीय पत्रकारिताबारे तालिम दिएका छन् भने जनपत्रकार सङ्गठन चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य आलोक लिम्बूले रेडियो पत्रकारिता तथा उद्घोषण र जनपत्रकार सङ्गठन लुम्बिनीका सचिव अनिल नेपालीले अनलाइन र फोटा पत्रकारिताका विषयमा तालिम दिएका छन् ।

माघ ३ गते तालिम समापन कार्यक्रममा प्रमुख अतिथि नेकपाकी केन्द्रीय सदस्य एवम् पाल्पा-गुल्मी इन्चार्ज धीरेन्द्रा उपाध्याय 'भृकुटी' ले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, आदर्शवाद, कम्युनिस्ट आन्दोलन, महिला आन्दोलन, नेपाल कम्युनिस्ट पार्टीले विकास गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादका विषय प्रशिक्षण दिएकी थिइन् ।

तालिम उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै माघ १ गते प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य भृकुटीले दलाल पुँजीवादले महिलालाई जीवन निर्वाहका लागि शरीर बेच्न बाध्य बनाएकाले जनपत्रकारहरूले यो व्यवस्थाको घृणित चरित्रको भण्डाफोर गरी वैज्ञानिक समाजवादी व्यवस्थाको प्रचार गर्नुपर्ने बताएकी थिइन् ।

जनपत्रकार सङ्गठन पाल्पाले जिल्ला सदरमुकाम तानसेनमा आयोजना गरेको तीनदिने आधारभूत पत्रकारिता तालिम उद्घाटन कार्यक्रममा प्रशिक्षार्थीहरूलाई शुभकामना दिँदै नेकपा नेत्री भृकुटीले भनिन्, 'दलाल पुँजीवादी शासकहरूले सञ्चारलाई सत्ता संरक्षणको साधन बनाएका छन् । हामीले उनीहरूको शोषण र दलालम्खी संरचना भत्काएर नयाँ निर्माण गर्ने हो । पुरानालाई भत्काएर नयाँ निर्माणका लागि युवा जनपत्रकार हरूको भूमिका महत्वपूर्ण छ ।'

मुलुकको शिक्षा, स्वास्थ्य, रोजगारी सबैतिर दलाल पुँजीवादको हस्तक्षेप रहेको र दक्ष जनशक्ति पनि निर्माण नभएकाले मुलुक अदक्ष कामदार उत्पादन गर्ने कारखानाका रूपमा परिणत भएको उनले बताइन् । आफूलाई काठमाडौँ दरबारमार्ग प्रहरी खोरमा आस्थाको बन्दी बनाइएको समयमा उक्त चौकीमा पक्राउ गरेर ल्याइएका शरीर बेच्न बाध्य महिलाहरूलाई देखाउँदै प्रहरी अधिकृतले ' तपाईंहरूको क्रान्तिले यी महिलाको जीवन बदल्न सक्नुपर्छ' भनेको सन्दर्भ उठाउँदै नेत्री भृकुटीले श्रमिक नागरिकलाई आत्मसम्मान साथ जीवन निर्वाह गर्न सक्षम बनाउने क्षमता निर्माण गर्ने पत्रकारिता आजको आवश्यकता रहेको धारणा राखिन् । पद र पैसा नभएको व्यक्तिका लागि राज्य र सरकार दुवै आफ्ना नभएको भन्दै नेत्री भृकुटीले सर्वहारा वर्गीय पत्रकारिताले देश र जनताको यथार्थ अवस्था सार्वजनिक गर्नुपर्ने खाँचो औँल्याइन् ।

तालिम सफलताको शुभकामना प्रदान गर्दै प्रमुख प्रशिक्षक रातो खबर प्रकाशन गृहका सम्पादक सुवेदीले वर्गीय समाजमा राजनीति, अर्थ र संस्कृतिजस्तै पत्रकारिता पनि वर्गीय हुने भएकाले जनपत्रकारहरूले श्रमिक जनताका पक्षमा र दलाल पुँजीवादी सत्ताका विरुद्ध सञ्चारकर्मलाई केन्द्रित गर्नुपर्ने बताए । असल पत्रकार बन्नका लागि सञ्चारकर्ममा आफ्नो भविष्य देख्न र त्यसप्रकारको चरित्र निर्माण गर्न सक्नुपर्ने धारणा राख्दै उनले लेनिनले सञ्चारलाई सङ्गठक, प्रचारक र आन्दोलनकर्ता भन्नुको आशय यसको बहुआयामिकता रहेको प्रस्ट पारे । पाल्पा जिल्लामै जनपक्षीय पत्रकारिताका लागि चार दर्जन युवा तयार हुनु र त्यसमा पनि सत्तरी प्रतिशतको हाराहारीमा महिला तयार हुनु लोभलाग्दो र उदाहरणीय रहेको भन्दै सुवेदीले श्रमजीवी जनतालाई आमूल परिवर्तनका पक्षमा लामबद्ध गराउने र वैज्ञानिक समाजवादका निर्माता बनाउने काममा जनपक्षीय सञ्चारको महत्वपूर्ण भूमिका रहने धारणा राखे ।

नेकपा पाल्पाका सेक्रेटरी भुवन जीसीले अबको युग सञ्चारको युग रहेको बताए । सूचना हुने मानिस सम्पन्न हुने धारणा राख्दै जीसीले जनपक्षीय पत्रकारिताले भोको पेटमा स्वतन्त्रताको फोस्रो नारा लगाउनेको नभएर पहिला खाना, त्यसपछि स्वतन्त्रताका पक्षमा कलम चलाउनुपर्ने प्रस्ट पारे ।

जनपत्रकार सङ्गठन लुम्बिनीका कोषाध्यक्षसमेत रहेका जनपत्रकार सङ्गठन पाल्पाका इन्चार्ज मुक्ति गैरेको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटन कार्यक्रमको सञ्चालन मोहन निवाङले गरेका थिए । प्रमुख अतिथि भृकुटी र विशिष्ट अतिथि सुवेदीले मैनबत्ती बालेर तालिम उद्घाटन गरेका थिए ।

जिल्लाका विभिन्न भागबाट भेला भएका तीसभन्दा बढी युवा सहभागी पत्रकारिता तालिम तीन दिनसम्म सञ्चालन भएको थियो ।

तालिम समापन कार्यक्रममा नेकपाकी नेत्री भृकुटी, प्रमुख प्रशिक्षक सुवेदी, जनपत्रकार सङ्गठन नेपाल लुम्बिनीका अध्यक्ष दीपेश बिष्ट, प्रशिक्षक आलोक लिम्बू र जनपत्रकार सङ्गठनका लुम्बिनी प्रदेश कोषाध्यक्ष मुक्ति गैरेले नवोदित पत्रकारहरूलाई आफूले तालिममा लिएको सीप देश, जनता र श्रमिक वर्गका पक्षमा उपयोग गर्न शुभकामना दिएका थिए ।

३१ जना प्रशिक्षार्थीका तर्फबाट जनपत्रकार सङ्गठन पाल्पाका नवनिर्वाचित अध्यक्ष मोहन निवाङ, सौरभ रेग्मी, मनीषा आले र पूजा विश्वकर्माले अनुभूतिपरक मन्तव्य प्रकट गर्दै तालिमले आफूहरूको दृष्टिकोण र जीवनको मार्ग नै परिवर्तन गरिदिएको बताए । उनीहरूले तालिममा सिकेको सीप आफ्नो जीवन-व्यवहार र पेसामा इमानदारीसाथ प्रयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए ।

## सिद्धान्त र ....

अब ती कमरेडहरूको सपना पूरा गर्ने अभिभारा हाम्रो काँधमा छ । सचेत कम्युनिस्ट पार्टीका सदस्य र देश, राष्ट्रप्रति माया भएका मान्छेहरूप्रति यो अभिभारा थपिएको छ । त्यसैले हामी सिद्धान्तलाई व्यावहारिक रूपमै अगाडि बढाई नेपालमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन चाहन्छौँ । हामी खबरदारी पनि गर्छौं- कसैले हाम्रा ती महान् सहिदहरूले देखेका सपना, महान् सिद्धान्त र व्यवहारप्रति धोका नहोस्, तोडमोड नगरियोस् । हाम्रा सहिदहरूको आदर्शबाट कसैलाई विचलित हुने छूट छैन । हामी यो प्रतिज्ञा पनि गर्छौं- हामी सहिदको सपना पूरा गरेरै छाड्नेछौँ र नेपालमा वैज्ञानिक समाजवादी झन्डा फहराएरै छाड्नेछौँ ।

त्यसैले सिद्धान्त र व्यवहारलाई जोड्न, सिद्धान्तलाई उचो राख्न हामीले तथ्यबाट सत्य खोज्ने वैज्ञानिक दृष्टिकोणलाई ग्रहण गर्नु पर्दछ । भौतिक अस्तित्वमा रहने वस्तुहरू सबै तथ्य हुन् र सत्यले तिनीहरूको आन्तरिक सम्बन्धलाई बुझाउँछ । हरेक काममा तथ्यबाट सत्य खोज्ने वैज्ञानिक दृष्टिकोण प्रदर्शन गर्नु भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको विचाराधाराको निर्देशनमा वस्तुको विकास निर्धारण गर्ने नियमलाई अध्ययन र आत्मसाथ गर्नुपर्छ । यसको अर्थ पार्टीको राजनीतिक कार्यदिशा, नीति र सिद्धान्त साथै माथिल्लो समितिबाट आउने निर्देशनलाई गाउँ, नगर वा पार्टीको सेलको वास्तविक स्थितिसँग जोड्नु हो । ती सबै विषयमा छलफल गर्नु र मसिनो गरी कार्यान्वयन गर्नु, आत्मपरकता र वस्तुपरकताका बीचमा मेल गराउन प्रत्यन गर्नु, हाम्रो उद्देश्यलाई सही ठाउँमा पुऱ्याउन सिद्धान्त र व्यवहारलाई जोड्नु र अपेक्षित परिणाम प्राप्त गर्नु हो । सिद्धान्त र व्यवहारलाई जोड्न तथा सिद्धान्तलाई उचाइमा राख्न हामीले सामाजिक परिस्थितिको अध्ययन र अनुसन्धान गर्नु पर्दछ । अध्ययन र अनुसन्धान भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद र एकीकृत जनक्रान्तिको वैज्ञानिक विधि पनि हो । केही पुराना र पाका कमरेडमा कम्युनिस्ट पार्टीको सिद्धान्त र व्यवहार जोड्ने हाम्रो कार्यशैलीमा कसरी अगाडि बढाउने भन्ने विषयमा अझै कतिपय प्रश्न देखिन्छन् । अझ धेरै नयाँ पार्टी सदस्यहरूलाई कसरी सिक्ने, बनाउने र अगाडि बढाउने भन्ने प्रश्न छ । यसलाई हल गरेर हामीले पार्टीको सिद्धान्त र व्यवहारलाई पुस्तौँपुस्तासम्म लैजानु पर्दछ । यो पार्टीको सुदृढीकरणका निम्ति निकै महत्वपूर्ण पनि हुन्छ । हामीले क्रान्तिकारी व्यवहारमा आफ्नो विकास गर्न प्रयत्न गर्नुपर्दछ । हाम्रो आत्मविकास र प्रयत्न पूर्णतया जनताका लागि र क्रान्तिकारी व्यवहारका लागि रहन्छ । मार्क्सवादी-लेनिनवादी-माओवादी र एकीकृत जनक्रान्तिको सर्वव्यापी सत्यलाई क्रान्तिको ठोस व्यवहारमा यथार्थ रूपमा प्रयोग गर्नु पर्दछ । निश्चय नै हामीले सिद्धान्तको अध्ययन गर्नुपर्दछ तर सिकेको कुरा व्यवहारमा लागू गनुपर्दछ ।

'कम्युनिस्टले पार्टी र पार्टीको नेतृत्वमा रहँदा मात्र कम्युनिस्ट भएको अनुभूति गर्ने, कम्युनिस्ट पार्टी र समितिमा हुँदा मात्र कम्युनिस्ट आचार, व्यवहार, मूल्य र मान्यताको बोध गर्ने पार्टी र समितिमा नहुनेबित्तिकै युगान्तकारी जिम्मेवारीलाई लत्याएर पुरानै समाज, संस्कृति र व्यवहारको अनुसरण गर्न पुग्ने समस्याहरूलाई हल गर्न यो नीति र विचारले मद्दत पुऱ्याउनेछ ।'

-आठौँ महाधिवेशनद्वारा पारित राजनीतिक दस्ताबेज पृष्ठ ४४-४५

सही सिद्धान्त र व्यवहार मिलेको खण्डमा पार्टीमा एकता, सङ्गठन र सङ्घर्षमा हाम्रो तागत रहन्छ । नयाँ नेपाल र वैज्ञानिक समाजवादी जीवनपद्धतिको निर्माणका लागि एकीकृत जनक्रान्तिको लालझन्डाको नेतृत्वमा नयाँ सङ्ग्रामहरूतर्फ अघि बढ्नु पर्दछ । हामीले मुक्तिको बाटो, सम्मानको बाटो, जीवनको बाटोमा हुने व्यवहार र सिद्धान्तमा जोड दिन आवश्यक छ । हाम्रो सिद्धान्त र व्यवहार सधैँ थिचाहा र शोषकहरूतर्फ आफ्नो सङ्गीन सोझ्याउनु र आफ्ना सङ्घर्षरत जनताका पक्षमा लिनुपर्दछ । सिद्धान्तलाई आवश्यकताअनुसार ती कार्यभारहरू कसरी पूरा गर्नुपर्ने हो, त्यस सम्बधमा व्यावहारिक प्रदर्शनद्वारा प्रशिक्षण पनि दिनुपर्दछ । साथै पार्टी समिति र सदस्यहरूलाई गलत व्यवहारबाट बच्न सकून् भन्ने चेतावनी पनि दिनुपर्दछ जसले उनीहरू त्यस्ता व्यवहार र क्रियाकलापबाट बच्न सकून् । महासचिव विप्लवले भन्नुभएजस्तै 'सिद्धान्तहरू व्यावहारिक प्रयोगको स्तरबाट दिशानिर्देश गर्ने तहमा बदलिन्छन् ।'

-एकीकृत जनक्रान्ति, एकीकृत जनक्रान्तिको कार्यदिशा, पृष्ठ २५

एकीकृत जनक्रान्तिको सिद्धान्तलाई हामीले व्यवहारमै पाइलापाइलामा पूरा गर्न अठोट गर्नुपर्दछ । नेपाल कम्युनिस्ट पार्टीले सधैँ के कोसिस गर्नुपर्दछ भने प्रत्येक पार्टी सदस्यहरूले सही सिद्धान्त र व्यवहारमा सही अर्थमा सक्रिय सदस्यहरू रहून्, सम्पूर्ण पार्टी कार्यकर्ताले यथासम्भव आफ्नो पूरै शक्ति र समय पार्टीलाई दिऊन् र यस किसिमको कार्यमा आफ्नो सर्वोत्तम शक्ति व्यावहारिक रूपमा समर्पण गरून् । जब पार्टी जीवनमा सिद्धान्तअनुसार व्यवहारमा हुँदैन तब कम्युनिस्ट पार्टीभित्र पनि वर्ग जन्मन खोज्छ । त्यसलाई नेतृत्वले सचेततापूर्वक निर्मूल पार्दै अगाडि बढ्न आवश्यक हुन्छ । आज केही आत्मसमर्पणवादी र विसर्जनवादीहरूले क्रान्तिकारी पार्टीको सिद्धान्त र व्यवहार, क्रान्तिविरुद्ध छरिरहेको भ्रम र प्रचारलाई पनि हामीले गम्भीरतापूर्वक लिनुपर्छ । कुनै पनि स्थितिमा जनतासँग एकीकृत जनक्रान्तिको सिद्धान्त र व्यवहारबीचमा नङ र मासुको जस्तो एकता बनाउनु पर्दछ । सिद्धान्त र व्यवहारको सही तालमेल गरी कम्युनिस्ट दृष्टिकोण निर्माण गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद ल्याउन सबै श्रमिक वर्ग र कम्युनिस्ट सदस्यहरूले कडा मेहनत गर्नु आवश्यक छ । सिद्धान्तमा कहिलेकहीँ व्यवहारवादी समस्याहरू आउन सक्छन् । पार्टीले आन्दोलनमा यस्ता समस्याहरूलाई सफा गर्दै लैजानुपर्दछ ।

आज नेपाल कम्युनिस्ट पार्टीमाथि सिद्धान्त र व्यवहारको उचित तालमेलकै कारण नेपाली जनतामा विशेष खालको आशाको केन्द्रबिन्दु, भरोसा र विश्वास उत्पन्न हुन पुगेको छ । एकीकृत जनक्रान्तिको सिद्धान्तवरिपरि क्रान्तिकारी पङ्क्तिको केन्द्रीकरण अगाडि बढेको छ । आमश्रमिक समुदाय, घाइते योद्धा तथा बेपत्ता परिवार र सहिद परिवारको हौसला, उत्प्रेरणा, विश्वास र आशाको केन्द्र बनेको छ । नेपाल कम्युनिस्ट पार्टीमाथि दलाल संसदीय पार्टीहरू र साम्राज्यवादी पुँजीपतिहरूले फैलाएका भ्रमहरू चिर्दै एकीकृत जनक्रान्ति दृढतापूर्वक अगाडि बढिरहेको छ । हामीले अझ कठिन मेहनत गरेर एकीकृत जनक्रान्तिलाई सैद्धान्तिक र व्यावहारिक रूपमै वैज्ञानिक ढङ्गले लागू गर्दै अझ राम्रो पार्टीपङ्क्ति, अझ राम्रो जनस्वयम्सेवक, नीति र योजना बनाउँदै एकीकृत जनक्रान्ति सफलतामा पुग्न हरदम कोसिस गर्दै अगाडि बढ्नुपर्छ । हामीले नेपाललाई एउटा सार्वभौम, स्वतन्त्र, आत्मनिर्भर र स्वाधीन राष्ट्र निर्माणका लागि एकीकृत जनक्रान्ति पूरा गरिछाड्ने दृढसङ्कल्प, प्रतिज्ञा र अठोटसहित एकीकृत जनक्रान्तिमा होमिनुपर्छ । एकीकृत जनक्रान्तिको विजय र सफलता सुनिश्चित छ । नेपाली जनताको जित सुनिश्चित छ । एकीकृत जनक्रान्ति जिन्दावाद ! वैज्ञानिक समाजवाद जिन्दावाद !




# जनगणतन्त्र कोरियाद्वारा सर्वाधिक क्षमताको हाइपरसोनिक क्षेप्यास्त्र प्रक्षेपण



**काठमाडौँ** : समाजवादको रक्षाका लागि साम्राज्यवादसँग लडिरहेको जनगणतन्त्र कोरियाले सर्वाधिक क्षमताको हाइपरसोनिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ । सर्वोच्च नेता मार्सल किम जोङ उनको उपस्थितिमै जनगणतन्त्र कोरियाले अर्को हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको समाचार स्रोतहरूले जनाएका छन् । जनगणतन्त्र कोरियाको आधिकारिक सञ्चारमाध्यम केसीएनएले मङ्गलबार प्रहार गरिएको क्षेप्यास्त्र कम्तीमा एक हजार किलोमिटर परको निसानामै पुगेको जनाएको छ । यसको निशानाको अन्तिम दूरी कतिसम्म हो भन्ने नजनाइए पनि यसले हजारौँ किलोमिटर दूरी तय गर्नसक्ने जनाइएको छ ।

जनगणतन्त्र कोरियाले यसअघि पनि हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको थियो तर यो भने अहिलेसम्मकै सबैभन्दा शक्तिशाली रहेको जनाइएको छ । स्रोतहरूका अनुसार यो तेस्रो हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण हो ।

अङ्ग्रेजी नयाँ वर्ष अर्थात् सन् २०२२ का अवसरमा देश र दुनियाँका समाजवादीहरूलाई सम्बोधन गर्दै सर्वोच्च नेता मार्सल किम जोङ उनले प्योङ्याङको प्रतिरक्षालाई बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यसको एक साताभित्रै दुईवटा हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेर कोरियाले आफ्नो प्रतिबद्धता पूरा गरेको छ ।

जनगणतन्त्र कोरियाले गत मङ्गलबार प्रक्षेपण गरेको क्षेप्यास्त्रको पुष्टि गर्दै साम्राज्यवादको इसारामा चलिरहेका कोरियाका 'शत्रु' राष्ट्रहरू दक्षिणकोरिया र जापान दुवैले कोरियाबाट समुद्रतर्फ क्षेप्यास्त्र प्रहार भएको बताएका छन् ।

केसीएनए समाचार संस्थाले त्यसपछि उक्त क्षेप्यास्त्र हाइपरसोनिक भएको र त्यसमा उच्च गतिशीलता भएको व्याख्या गरेको थियो । कोरियाले यसअघि जनवरी ५ तारिखमा पनि सफलतापूर्वक हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको थियो । अमेरिका, बेलायत, फ्रान्सलगायत साम्राज्यवादी मुलुकहरूले भने विगतमा झैँ जनगणतन्त्र कोरियाको कदमको विरोध गरिरहेकै छन् । ती देशहरूले गरेको कथित निन्दा र 'अस्थिर कार्यहरू' रोक्न गरेको आह्वान 'हात्ती लम्किँदैछ, कुकुर भुक्दैछ' साबित भएको छ ।

हाइपरसोनिक अस्त्रहरू प्रायः ब्यालेस्टिक क्षेप्यास्त्रभन्दा निसानातर्फ कम उचाइ हुँदै जान्छन् तर तिनको गति भने ध्वनिको गतिभन्दा पाँच गुणाभन्दा बढी अर्थात् प्रतिघन्टा ६,२०० किलोमिटर हुनसक्ने बताइएको छ ।

केसीएनएले प्रसारण गरेका तस्बिरहरूमा सर्वोच्च नेता किम जोङ उन अन्य अधिकारीसँगै परीक्षणको अवलोकन गरिरहेको देख्न सकिन्छ ।

सूचना ! सूचना !! सूचना !!!

घरपालुवा पशुहरुलाई समयमै रोग विरुद्धको खोप लगाई पशुबाट मानिसमा सर्ने रोगको रोकथाम गरौं र यस अस्पतालबाट प्रदान गरिने सम्पूर्ण सेवाको लागि सम्पर्क गर्न अनुरोध गरिन्छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
ललितपुर



दिपिका सप्लायर्स
कलंकी खड्कागाउँ, काठमाडौं



पिलर बक्सहरु विभिन्न किसिमका पाइनुका साथै 2KV देखि 30KV सम्मका जेटेरटर भाई मिटर, लिफ मिक्चर पाइन्छ साथै १२-१२ पिलर ९-१२ पिलर १४-१४ पिलर १४-१२ पिलर ९ को गोलो पिलर र ७ को पिलर बोलेरो गाडी भाडामा पाइन्छ। नोटः ढलान गर्ने पार्टी तथा फुटाउने मेसिन पनि पाइन्छ।

जेनेरेटर मर्मत तथा खरिद बिक्री गरिनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराइ चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९, इमेल : prasasan.customs@gmail.com




नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ